संघर्ष, स्वाभिमान र स्वावलम्बन

साहसिक पत्रकारिता

# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY

www.saharatimes.com.np

राष्ट्रिय पाक्षिक

● वर्ष १६, ●पूर्णाङ्क ३३४, ● अंक ४ ● २०८१ साल कात्तिक १६–३० गते ● (1 November, 15 November, 2024) ●मूल्य रु. १०





# सरकारी जग्गामाथि राजनीतिक दलको कब्जा

‘अन्तरमनबाट पारदर्शी र खुल्ला दिलले उहाँले दान गर्नुभएको जग्गालाई हामीले स्वीकार गरेका हौं । यसमा कुनै किसिमको पनि सौदाबाजी र लेनादेना छैन । उहाँका नाममा विचाराधीन रहेका मुद्दाहरूको बारेमा उहाँ आफैंले फेस गर्ने हो । संविधान, कानुनभन्दा माथि कोही पनि छैन ।’

भाटभटेनी सुपरमार्केटका मालिक मीनबहादुर गुरुङले किर्तिपुरमा १० रोपनी १४ आना जग्गा दान दिएपछि सुरु भएको टिका टिप्पणीपछि एमालेले जारी गरेको विज्ञप्तिमा यो कुरा उल्लेख छ । पटक पटक देशको सत्ता सञ्चालन गरिसकेको र अहिले पनि सरकारको नेतृत्व गरेको पार्टीले कुनै व्यपारीसँग यसरी जग्गा दानमा लिन मिल्छ कि मिल्दैन भनि बहस चौतर्फी भइरहेको छ । यसरी अरुले पनि व्यपारी तथा अन्य व्यक्तिसँग सम्पत्ति दानमा लियो भने के हुन्छ भनि टिप्पणीहरु भइरहेका छन् ।

एमालेले यसरी दानमा लिएको जग्गाको बारेमा टिप्पणी भइरहेका छन् तर एमालेलगायत ठूलादेखि साना दलले देशैभर सरकारी जग्गा आफ्नो कब्जामा लिएको कुरा पनि बाहिर आएका छन् । राजनीतिक पार्टी तथा त्यसका शुभेच्छुक संगठन एवं भातृ संगठनहरुले विभिन्न बहानामा हजारौं विघा सरकारी जग्गा कब्जामा लिएर भोग चलन गर्दै आइरहेका छन् । तर त्यसमाथि कसैले प्रश्न उठाएका छैनन् । कानुन अनुसार यसरी जग्गामा बस्न पाइदैन । सम्बन्धित निकायले खाली


बाँकी पृष्ठ १२ मा


## यस भित्र



मधेश राजनीतिको अब पुनर्गठन गरौं


● लेख, पृष्ठ ४




नेपाल सद्भावना पार्टीले मात्र मधेशलाई विकल्प दिनसक्छ


● अन्तरवार्ता, पृष्ठ ५




लकडाउन नभएको भए दुबइमा हुन्थे विविशा


● मध्यपृष्ठ, पृष्ठ ६




कक्षा कोठाबाट बाहिरको समाज नियाल्ने पारस


● प्रोफाईल, पृष्ठ १०



शुभकामना

शुभ दीपाली, छठ २०८१ को सुखद अवसरमा पाठक वर्ग, विज्ञापन दाता तथा देश विदेशमा रहेका सम्पूर्ण महानुभावहरूमा सुख, शान्ति र उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सहारा टाइम्स परिवार

अभिमत

## सम्पादकीय

# श्रमिकको कारखाना मधेश

खाडी मुलुकको रोजगारीका लागि श्रमिकको कारखाना जस्तै भएको छ मधेश । हरेक खाडी मुलुकमा सबभन्दा बढी नेपाली मधेशबाट गएको भेटिन्छन् र नेपालको तथ्यांकले पनि त्यही भन्छ । नेपालीहरु युरोपियन कन्ट्री पनि पुगेका छन् । तर त्यसमा मधेशीको सँख्या धरै कम छन् । तर खाडी मुलुक जहाँ तल्लो स्तरको काम हुन्छ । सिकर्मी, डकर्मी, भेडा बाख्रा चराउनेदेखि लिएर घर तथा होटलको सफाइलगायतका काममा मधेशीहरु बढी भेटिन्छन् । थोरै मात्रामा अफिसर तथा उच्च तहको पदमा हुन्छन् । त्यस्तो हुनुको मुख्य कारण गरिबी, अशिक्षा र चेतनाको कमी हो ।

मधेशलाई भौगोलिक रूपमा सुगम मानिन्छ तर त्यहाँका अधिकांश नागरिकको आर्थिक अवस्था कमजोर मानिन्छ। राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार जनसँख्याको आधारमा त्यहाँको गरिबी दर २२.५३ प्रतिशत रहेको राष्ट्रिय तथ्यांक कार्यालयको तथ्यांकले देखाउँछ। त्यही कारणले मधेश प्रदेशमा वैदेशिक रोजगारीमा जानेको सँख्या धेरै देखिएको हो । गत आर्थिक वर्ष २०८०/०८१ मा सात लाख ४१ हजार २९७ जना नेपाली वैदेशिक रोजगारमा गएका छन् । त्यसमध्ये सबभन्दा धेरै मधेश प्रदेशबाट छन् । आठ जिल्ला भएको मधेश प्रदेशबाट मात्रै एक लाख ७२ हजार ८६१ जना वैदेशिक रोजगारीमा गएका छन् ।

यतिका जनसँख्यामा मधेशीहरु वैदेशिक रोजगारीमा गएपछि त्यहाँको गरिबी हटेको छैन । त्यहाँको गरिबी अशिक्षा जस्ताको त्यस्तै छ । रेमिट्यान्स नआएको होइन, आउछन् तर त्यसको सदुपयोग भन्दा दुरुपयोग बढी हुन्छ। आएको पैसा ठिक ठाउँमा लगानी भएको देखिदैन। नेपाल राष्ट्र बैंकले गरेको एक अध्ययन अनुसार १.१ प्रतिशत रकम मात्रै उत्पदानमुलक क्षेत्रमा प्रयोग भइरहेको छ। २४ प्रतिशत खाद्यान्न तथा लत्ताकपडा लगायत दैनिक उपभोग्य वस्तु खरिद, १० प्रतिशत शिक्षा र उपचार, साढे तीन प्रतिशत विवाह, व्रतबन्ध लगायतका सामाजिक कार्य, तीन प्रतिशत घरायसी सम्पत्ति खरिद तथा साढे पाँच प्रतिशत अन्यमा खर्च हुने गरेको छ।

रेमिट्यान्सको सबैभन्दा ठूलो हिस्सा अर्थात २५.३ प्रतिशत साहु महाजनको ऋणको साँवा व्याज तिर्नमा खर्च भइरहेको छ । विप्रेषण प्राप्त गर्ने घर परिवारको बचत तथा लगानी प्रवृत्ति शीर्षकमा राष्ट्र बैंकले २०७३ सालमा गरेको अध्ययन अनुसार ५२ प्रतिशतले वैदेशिक रोजगारीमा जाँदा लाग्ने खर्चको स्रोत साहु महाजन हो । कमाएको रकममध्ये १.१ प्रतिशत रकम मात्रै उत्पदानमुलक क्षेत्रमा प्रयोग हुने भएकाले आत्मनिर्भर हुन सकेका छैनन्। विदेशबाट कमाएर आएपछि घर बनाउँछन्, लता कपडा खरिद गर्छन्, साहु महाजनको ऋण तिर्दैमा सबै रकम सकिन्छ । उसको अवस्था जस्ताको त्यस्तै रहन्छ र उ फेरि विदेश जान बाध्य हुन्छन् ।

त्यहाँबाट सिकेर आएको सीप र कमाएको रकममध्ये ५० प्रतिशत पनि व्यवसाय, व्यपार र उत्पादनमुलुक काममा लगायो भने फेरि फर्केर वैदेशिक रोजगारीमा जानुपर्ने हुँदैन। उत्पादन मुलक काममा केही मात्रामा पहाडमा लगाएको देखिन्छन् तर मधेशमा धेरै नै न्युन मात्रमा हुन्छ। मधेशमा धेरै फाल्तुमा खर्च गरेको पाइन्छ। विदेशबाट फर्केकालाई सरकारले पुनः एकीकरण गर्नुपर्ने हो तर नेपालमा हालसम्म त्यस्तो संयन्त्र बनेको छैन। विदेशबाट कमाएर ल्याएको रकम कहाँ कसरी खर्च गर्ने मेसो पाउदैन र अनावश्यक कार्यमा उनीहरुको रकम खर्च भइरहेका हुन्छन्। अन्य देशमा सरकारले वैदेशिक रोजगारीबाट फर्केकालाई एकिकृत गरी उत्पादनमुलक काममा लगाएका हुन्छन् । फिलिपिन्सले विदेशबाट फर्केकालाई निःशुल्क स्टार्टअप तालिम तथा आवश्यक सामग्रीसमेत उपलब्ध गराउँछ। दक्षिण कोरियाले विदेशबाट फर्केकालाई विभिन्न तालिम र आर्थिक सहयोग दिने जस्ता काम गर्छ। श्रीलंकाले आर्थिक सामाजिक र मनोसामाजिक कार्यक्रम गर्दै आएको छ। यी बाहेक अरू देशले पनि विदेशबाट फर्केकालाई एकीकरण सम्बन्धी कार्यक्रम अघि सारेका हुन्छन् जसले कमाएको पैसा श्रमिकहरुको खेर गएको हुँदैन । नेपालमा पनि खास गरी मधेशमा त्यसको अति नै आवश्यक भइसकेको छ।

## तथ्यांक आफै बोल्छ




## पाठक पत्र

saharatimes.com.np@gmail.com




### ओलीलाई सुस्ता किन दुख्दैन अँ ?

अच्चम त त्यतिबेला लाग्यो जतिबेला देशका प्रधानमन्त्री केपी शर्मा ओली लिपुलेक, लिम्पियाधुरा, कालापानीको बारेमा बोल्नु हुन्छ । जो नेपालको नक्सामा पनि थिएन । भारतले त्यसलाई कब्जा गरेर बसेको थियो तर सुस्ता त नेपालकै भूमी हो । नेपालकै नक्सामा पर्छ । तर देशका प्रधानमन्त्री केपी शर्मा ओलीले त्यसको बारेमा बोलेको मैल कहिले सुनेको छैन । के सुस्ताको पिडा नेपालको पिडा होइन, सुस्ताबासीले पाइरहेको दुख नेपालको दुख होइन ? भारतको गिद्ध दृष्टि सुस्तामाथि छ । त्यहाँ नेपालका मधेशीहरु दुख पाइरहेका छन् । भारतीयहरु दुख दिएका छन् । सैयौं हेक्टर जमिन भारतले कब्जा गरिसकेका छन् । नारायणी नदीको पानीले सुस्तालाई डुबाएको हुन्छ तर नेपालका प्रधानमन्त्री ओली कहिले त्यसमाथि बोल्नु हुन्न । उहाँलाई जहिले पनि कालापानी, लिपुलेक मात्र दुख्छ । सायद सुस्ता नेपालमा नभएको भए, सायद ओलीलाई सुस्ता पनि दुख्थ्यो । त्यहाँको अवस्था हेर्दा लाग्छ सुस्ता नेपालमा छदैं छैन ।

*मोहम्मद सलिम अन्सारी, नेपालगञ्ज, बाँके*

### कहाँ छन् सुस्ताका साढे ३३ हजार हेक्टर जमिन ?

'डुबाएर कब्जा गर्ने दाउ' भनि समाचार पढे । काठमाडौं उपत्यकालगायत देशका विभिन्न ठाउँ डुबानमा परिरहेको बेलामा सहारा टाइम्सले सुस्ताको कुरा बडो गम्भीर ढंगले उठान गरेको छ । धेरै महत्वपूर्ण तथ्यहरु समाचारमा पढ्ने मौका पाए । सबभन्दा बढी मलाई एउटा तथ्याले आश्चर्यचकित बनायो जहाँ हजारौ हेक्टर जमिन गायब भएको छ । समाचार अनुसार सुस्ताका ४० हजार ९८० हेक्टर जमिन थियो तर अहिले उसँग साढे सात हजार हेक्टर जमिन मात्र बाँकी छन् । यो तथ्यमा कति सत्यता छ त्यो थाह भएन तर यदि यो सत्य हो भने सरकार यसमा गम्भीर हुनु आवश्यक छ । ३३ हजार हेक्टरभन्दा बढी जमिन गायब भएको छ । नेपाली सुस्तावासीसँग त्यो जमिन छैन । पहिला एउटा गाउँपालिका थियो तर अहिले एउटा वाडमा सिमित भएको छ । जसरी जसरी भूमी गायब भयो, त्यसरी त्यसरी सुस्ताका जनता पनि विस्थापित हुँदै गए । अब जे जति जमिन बाँकी छन्, त्यसमा पनि भारतीय पक्षको नजर छ । कुनै दिन त्यो जमिन पनि आफ्नो कब्जामा लिन्छ । सरकारको ध्यान यसमा जानु जरुरी छ । सुस्तावासी आफ्नो भूमी बचाउन भारतसँग लडिरहेका हुन्छन् ।

*ब्रजकिशोर साह, सिनामंगल, काठमाडौं*

### सिके राउत किन 'फ्रस्टेड' ?

जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले बेलाबेलामा आफ्नो फेरबुकमा आफू तनाबमा रहेको, राजनीतिकबाट फ्रस्टेड भएको, राजनीतिबाट नै सन्यास लिउ जस्ता कुरा उल्लेख गरेर जनतालाई भ्रम पार्ने काम गर्नुभएको थियो । सबैलाई लाग्थ्यो कि साँच्चै यस्तै हो कि । उहाँले राजनीतिका विभिन्न फण्डा देखाउनु हुन्थ्यो । र जसले जनतालाई पनि लाग्थ्यो कि सिके राउत साँच्चै राजनीतिलाई लिएर तनाबमा हुनुहुन्छ तर अहिले उहाँका श्रीमती सोनी सिन्धु रानीको कुरा बाहिर आएपछि जनतामा रहेको सबै भ्रम हटेको छ । सिके राउत किन फ्रस्टेड हुनुहुन्थ्यो त्यो कुरा स्पष्ट भएको छ । उहाँ आफूलाई ठूलो आदर्शबादी भन्नुहुन्थ्यो । समान अधिकारको कुरा गर्नुहुन्थ्यो तर उहाँ आफ्नै घरमा आफ्नै श्रीमतीलाई अधिकार दिन सक्नु भएको छैन, श्रीमतीलाई अधिकार दिन सक्नु भएको छैन । घरमै उहाँले हिंसा गर्नुभएको छ भने बाहिर जनताका लागि उहाँले के गर्न सक्नुहुन्छ, जनताका लागि के नै गर्नसक्नु हुन्छ । सोनी सिन्धु रानीले लेख्नु भएको सम्बन्ध विच्छेद गरौं भनेकोमा मेरो मञ्जुरी छैन भनि लेख पढे । त्यो लेख पढी सकेपछि सिके राउतको बारेमा धेरै कुरा छर्लङ भएको छ । एउटा कुनै महिलाले आफ्नो बारेमा आफै यसरी उदाङ्गो पार्नु हुन्न ।

*राजेश यादव, सप्तरी, हाल: जडिबुटी, काठमाडौं*

### अब मधेशी नेताकै विरुद्ध क्रान्ति हुन्छ

जनता समाजवादी पार्टीका नेता राजकिशोर यादवको इन्टरभ्यु पढे । इन्टरभ्यु पढेर हाँसो मात्र उठ्यो । अब उहाँले नयाँ ढंगले क्रान्ति गर्नुहुन्छ रे । अहिलेको अवस्थामा यो भन्दा अरु हाँसाको कुरा के हुन्छ । त्यत्रो क्रान्ति गरेर सैयौको बलिदान दिन लगाएर सिंहदरवारसम्म पुग्नुभयो । पटक पटक मन्त्री हुनुभयो । संविधानसभामा एउटा सीट आउँदा श्रीमतीलाई सांसद बनाउनु भयो । मधेशी जनताका लागि उहाँले के गर्नुभयो ? उहाँ पटक पटक साँसद र मन्त्री हुनुभयो मधेशी जनताले आजसम्म के गर्नुभएको छ, सुन्न लायक केही काम छ भने भनोस् त । क्रान्ति सुरु गरेपछि उहाँले आफ्नो छोरा, भाइ, बुहारी, श्रीमतीलाई सडकमा ल्याउन तयार हुनुहुन्छ ? अब क्रान्ति के का लागि ? अब नेताहरुलाई के पाउनु छ ? त्यही मन्त्री, सांसद, सत्ता होइन र । आजै राजकिशोर यादवलाई मन्त्री बनाइ दियोस् यी सबै क्रान्तिको कुरा हराएन भने मलाई भन्नुहोला । अब कुनै मधेशी जनता यी नेताहरुका लागि क्रान्ति गर्दैनन् । बरु म भन्छु कुनै दिन यस्तो नआयोस् कि यिनै नेताहरुको विरुद्धमा मधेशी जनताले क्रान्ति सुरु गरोस् । मधेशका नेताहरुले आन्दोलन गर्न नचाहेको होइन, पटक पटक प्रयास गरेकै हो तर मधेशी जनताले साथ नदिने अवस्था देखेपछि उनीहरु चुपचाप लागे । चार पाँच वर्षदेखि यस्तो डायलोग सुन्दै आएको हो ।

*गणेश महतो, सर्लाही, ganesh.mahatoji2021@gmail.com*

## फेसबुक



**उमेशकुमार यादव**

श्री नरसिंह प्रसाद गुप्ता (सिरहा निवासी) उहाँ बिक्रम सम्वत २०३६ साल वरपर जिल्ला कृषि कार्यालयको प्रमुख हुनुहुन्थ्यो । उहाँ पन्चायती व्यवस्थाको विपक्षमा हुनुहुन्थ्यो । बहुदल र निर्दलको निर्वाचनमा उहाँ बहुदलको पक्षमा हुनुहुन्थ्यो । त्यसकारण प्रशासकले उहाँलाई दुःख दिने काम गर्थे ।

सप्तरीको कृषि क्षेत्रमा पकेट क्षेत्र निर्धारण गरेर त्यसलाई सफल पार्न उहाँको कठिन र अथक प्रयास स्मरणीय छ । कोचाबखारीमा आलुको पकेट क्षेत्र, कनकपट्टीमा टमाटर, मलेठमा तरकारीको साथै पथरगाडा, योगिनियाँमा तरकारी र सिम्राहामा उन्नत जातको धानको पकेट क्षेत्र निर्धारण गर्न सम्बन्धित गाउँमा हप्तौं आफैं बसेर जनतालाई बुझाउने गर्नु भएर सफल हुनुभयो । तत्कालीन अञ्चालाधिश लक्ष बहादुर गुरुङले उहाँको जागिर खाइ दिनुभयो । जागिर समाप्त भएपछि उहाँ चितवन, रामपुर कृषि क्याम्पसको प्राध्यापक पेशामा ज्वाइन गर्नु भयो ।

अञ्चालाधिश लक्ष बहादुर गुरुङ नारायणी अञ्चलको अञ्चालाधिशमा गएपछि गुप्ता सरको बारेमा बुझेपछि उहाँलाई गुप्ता जी यता कता ? भनेर प्रश्न गरेपछि उहाँले चाकरीको भरमा होइन, क्षमताको आधारमा प्राध्यापक हो भनेर जवाफ दिनु भयो । अञ्चालाधिश गुरुङले त्यहाँबाट फेरि उहाँको जागीर खाइ दियो । यसरी एउटा क्षमतावान, स्वभिमानी अफिसरलाई दुःख दिने काम कहिल्यै रोकिएन ।

मैले उहाँको बारेमा ,सप्तरी जिल्लाको कृषि क्षेत्रमा उहाँले गर्नु भएको योगदानको स्मरण र आजको पुस्ताले जानकारी पाउन भनेर लेखेको मात्रै हो । उहाँले गर्नुभएको मेहनत र निर्माण गर्नु भएको दीर्घकालीन योजना जति सप्तरीको कृषि क्षेत्रमा अहिलेसम्म कुनै कृषि कार्यालयको कुनै पनि प्रमुखले काम गरेको छैन भन्ने मेरो बुझाइ रहेको छ ।

# ओलीसँग माफी मागेपछि जोगियो जनमतको सरकार

'नेपालमा पनि बंगलादेश जस्तो आन्दोलन हुन्छ, रविको बारेमा यो सुनौलो भविष्य बोकेको कोपिलालाई निमोठिएको हो भन्नुभयो, उपचुनाव, उपराष्ट्रपति, उपसभामुखको चुनावमा पनि विपक्षमा उभिनु भयो तपाईले गर्न के खोज्नु भएको हो, सत्ताको स्वादमा पनि लिने अनि विपक्षको जस्तो व्यवहार पनि गर्ने ।'

कात्तिक ९ गते बालुवाटारमा सत्ता साझेदारी दलको बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले जनमत पार्टीका अध्यक्ष डा.सिके राउतलाई भन्नुभएको कुरा हो । सहकारीकण्डमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने पक्राउ परेपछि जनमत पार्टीका अध्यक्ष सिके राउतले आफ्नो आधिकारिक फेसबुकमा लेख्नु भएको थियो, '२१ सीट भएको नयाँ/राष्ट्रिय पार्टीका सभापति रविजीको अहिलेको पक्राऊलाई म प्रतिशोध र निषेधको राजनीतिको अलावा केही भन्न सक्दिन । यो सुनौलो भविष्य बोकेको कोपिलालाई निमोठिएको हो, भावी पुस्ताको स्वर्णिम भविष्यलाई भ्रुणमा नै हत्या गर्न खोजिएको हो । यो पक्राऊ राज्यद्वारा 'फ्रेमिङ्ग' गरिएको हो । हाम्रो धरातल र कैयन् एजेण्डा फरक होला, कतिपय ठाउँमा हामी विपरीत धारमा पनि उभिएका छौं, तर लोकतन्त्रमा प्रतिशोध र निषेधको राजनीति हुनुहुँदैन भन्नेमा हाम्रो मतैक्यता छ । आशा छ, रविजी यसबाट सफलतापूर्वक निस्किनु हुने छ ।........'

रवि लामिछाने पक्राउ परेकै दिन कात्तिक २ गते सत्ताधारी दल जनमत पार्टीका अध्यक्ष राउतले यसरी आफ्नो फेसबुकमा लेखेपछि प्रधानमन्त्री केपी शर्मा ओली क्रुध बन्नुभएको थियो । सरकारमा रहेर सरकारकै विरोध गर्ने भन्दै प्रधानमन्त्री केपी शर्मा ओलीले राउतलाई सत्ताभन्दा बाहिर राख्ने सोच बनाइ सक्नुभएको थियो । मधेश प्रदेश सरकारको नेतृत्व गरेको जनमत पार्टीलाई त्यहाँबाट निकालेर जसपा नेपाललाई नेतृत्व दिने तयारीमा पुग्नुभएको थियो । त्यसका लागि उहाँले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवसँग पनि कुराकानी सुरु गरिसक्नु भएको थियो ।

यसमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पनि समर्थन जनाइ सक्नुभएको थियो । कांग्रेसको चाहना पनि मधेश प्रदेशमा जसपा नेपालले नै नेतृत्व गरोस् भनि रहेको थियो । जसपा नेपाल ओली नेतृत्वको सरकारलाई समर्थन गरे पनि सरकारमा कही पनि छैन । मधेश प्रदेश सरकारको नेतृत्व प्रधानमन्त्री केपी शर्मा ओलीले खोसेपछि जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले सरकारलाई समर्थन गरे पनि सरकारमा कही पनि सहभागी भएन । जब कि कांग्रेसले जसपालाई सत्ता सहकार्यका लागि आग्रह पनि गरेको थियो । तर मधेश प्रदेशको सरकार खोसिए पछि जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव प्रधानमन्त्री ओलीप्रति नाखुश हुनुभएको थियो ।

तर जब प्रधानमन्त्री ओली र सिके राउतबिच सम्बन्ध बिग्रियो अनि मधेश प्रदेशमा उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल प्रवेश पाउने निश्चित भयो । मधेश प्रदेशमा जनमत पार्टी सरकारको कामकाज त्यतिकै पनि सन्तोषजनक थिएन । जनमत पार्टीको नेतृत्व परिवर्तन हुने लगभग निश्चित भएको थियो । जसको प्रभाव मधेश प्रदेशमा पनि परेको थियो ।

बाँकी पृष्ठ ९ मा

# राजेन्द्र महतोलाई पहिलो गाँसमा ढुङ्गा

नेपाल सद्भावना पार्टी हुँदै विभिन्न राजनीतिक दलको नेतृत्वदायी भूमिका निर्वाह गर्दै राजेन्द्र महतोले पछिल्लो समय लोकतान्त्रिक समाजवादी पार्टीबाट विद्रोह गरेर आफ्नै नेतृत्वमा राष्ट्रिय मुक्ति क्रान्ति गठन गर्नुभएको थियो । २०८० फागुनमा राष्ट्रिय मुक्ति क्रान्ति गठन गरेपछि पुरै तामझामका साथ अभियान सञ्चालन गर्नुभयो । हिमालदेखि तराईसम्म, पूर्वदेखि पश्चिमसम्म आफ्नो संगठन पुर्‍याउनुभयो । बहुलवादका लागि आन्दोलन गर्ने भनि विभिन्न खालका आन्दोलनका कार्यक्रम पनि उहाँले घोषणा गर्नुभयो । एक दुई चरणमा आन्दोलन पनि भयो ।

तर अभियानको नौ महिना नपुग्दै कात्तिक ९ गते दल दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिनुभयो । राष्ट्रिय मुक्ति क्रान्ति नेपाल नामको पार्टी दर्ता गर्ने भनि निवेदन दिँदा निर्वाचन आयोगले क्रान्ति शब्द हटाउन आग्रह गर्‍यो । क्रान्ति शब्द नहटाएसम्म पार्टी नै दर्ता नहुने आयोगले भनेपछि बाध्य भएर क्रान्ति शब्द हटाएर राष्ट्रि मुक्ति पार्टी बनाउनुभयो । क्रान्ति हटाएपछि अहिले राजेन्द्र महतोको आलोचना भइरहेको छ । विभिन्न पार्टी छाडेर राष्ट्रिय मुक्तिका लागि क्रान्ति गर्न हिड्नु भएका राजेन्द्र महतो निर्वाचन आयोगका अगाडि टिक्न सक्नु भएन ।

राजेन्द्र महतोले आयोगको सामु घुँडा टेकेको टिप्पणी गर्दै आउने दिनमा अझै यस्ता उल्झन तथा अड्चनहरु आउँछन् ती सबैलाई उहाँले कसरी फेस गर्नुहुन्छ भनि टिप्पणी भइरहेको छ । मधेश आन्दोलनपछि मधेशी जनअधिकार फोरम नेपाल दर्ता गराउन जाँदा मधेश शब्द राख्न मानेको थिएन । मधेश शब्द हटाउन आयोगले आग्रह गरेको थियो तर त्यतिबेला फोरमका नेताहरुले मानेका थिएनन् । बरु पार्टी दर्ता नहोस् तर आफूहरुले जेका लागि आन्दोलन गरेको त्यही नै पार्टीमा नरहने भएपछि पार्टी दर्ता गराउनुको अर्थ नरहने भन्दै अडान लिएका थिए । निर्वाचन आयोग बाध्य भएर पार्टी दर्ता गर्न बाध्य भएको थियो ।

यस्ता थुप्रै उदहारणहरु छन् । तर ठूलो उद्देश्यले क्रान्ति गर्न हिड्नु भएका राजेन्द्र महतोका लागि पहिलो गाँसमा ढुगां जस्तो भएको छ । विगतका मधेश आन्दोलनमा सक्रिय रहेका नेता बीपी यादवले पनि राजेन्द्र महतोले क्रान्ति शब्द छाडेकोमा आलोचना गर्नुभएको छ । बृषेशलाल अध्यक्ष रहेको तराई मधेस लोकतान्त्रित पार्टीको चुनाव चिन्ह कलश छाप लगायत १९ बटा पार्टीलाई विगतमा नाम सुधार गर्नुस् यानी मधेसी शब्द राख्न पाउँदैन भनेको थियो तर अध्यक्ष लालले पनि अडान लिएर आफ्नो नाम स्थापित गर्नुभएको नेता यादवले बताउनुभयो ।

मधेशी जनबिद्रोहपछि मधेसी जनअधिकार फोरम, नेपाल दर्ता गरेको थियो, त्यतिबेला पनि मधेश शब्द राख्न मानेको थिएन तर मधेशी युवाले आन्दोलन गर्ने चेतावनी दिएपछि मात्र मधेश शब्द राख्न बाध्य भएको नेता यादवले बताउनुभयो । जो विषयलाई लिएर मधेश जनबिद्रोह भयो त्यही शब्द हटाउन मिल्दैन भनि आफूहरुले अडान लिएको बताउँदै उहाँले भन्नुभयो, 'उपेन्द्र यादव बाहिर हुनुहुन्थ्यो उहाँलाई कसले भनिदिएको थियो कि मधेशी जनअधिकार फोरम नेपाल दर्ता हुँदैन अनि उहाँले सिरहाका भोगेन्द्र ठाकुरको अध्यक्षतमा अर्को पाटी दर्ता गराउनु भएको थियो ।' यदि त्यतिबेला उपेन्द्र यादवको कुरा मानेको भए अहिले उहाँको नामसम्म कसैलाई याद हुँदैन्थ्यो भन्दै नेता बीपी यादवले मधेशी जनअधिकार फोरम पनि दर्ता भएको थियो । त्यसपछि महन्थ ठाकुरको नेतृत्वमा तराई मधेश लोकतान्त्रिक पार्टी पनि दर्ता भएको थियो ।

बाँकी पृष्ठ ९ मा

# चीनलाई देखाएर भारतलाई तर्साउने

प्रधानमन्त्री केपी शर्मा ओलीले पछिल्लो समय भारतको विरुद्धमा चीन कार्ड प्रयोग गर्न थाल्नुभएको छ । अमेरिकाको साथ सहयोगमा कांग्रेससँग मिलेर सरकार बनाएपछि प्रधानमन्त्री ओलीलाई भारत र चीन दुवै देशले पत्याउन छाडेका छन् । कुनै देशले सहयोग गरिरहेका छैनन् । अमेरिकी एमसीसीको सबै काम अगाडि बढाउनु भएको प्रधानमन्त्री ओलीले अहिले भारत र चीनका अधिकाँश प्रोजेक्टमा ब्रेक लगाउनु भएको छ । जसले गर्दा दुवै देश उहाँमाथि चिढिएको छ ।


उहाँ प्रधानमन्त्री भएको तीन महिना भइसकेको छ तर हालसम्म कुनै पनि देशको राजकीय भ्रमण गर्न सक्नु भएको छैन । अमेरिका त उहाँ युएनको कार्यक्रममा जानु भएको थियो । तर हालसम्म उहाँ कुनै देशको औपचारिक राजकीय भ्रमण गर्नुभएको छैन । भाजपाका नेता नरेन्द्र मोदी भारतका प्रधानमन्त्रीमा नियुक्त भएपछि हालसम्म दर्जनभन्दा बढी देशको भ्रमण गरिसक्नु भएको छ । अरु देशका प्रधानमन्त्री वा राष्ट्र प्रमुख विदेश भ्रमण गरिरहेका हुन्छन् तर प्रधानमन्त्री ओली निस्किन सक्नु भएको छैन ।

यहाँसम्म कि प्रधानमन्त्री नियुक्त हुने वित्तिकै भारत र चीनबाट भ्रमणको निम्तो आउँथ्यो तर हालसम्म ती देशबाट पनि निमन्त्रणा आएको छैन । प्रधानमन्त्री केपी शर्मा ओलीले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई दुई पटक निमन्त्रणा दिइसक्नु भएको छ । तर भारतले हालसम्म निमन्त्रणा दिएको छैन । प्रधानमन्त्री ओलीले पनि पहिलो भारतको भ्रमण गर्न चाहनु भएको छ तर निमन्त्रण आएको छैन । अहिले उहाँले आफू चीन भ्रमणमा जान लागेको भनि प्रचार गर्न लगाउनु भएको छ । चीन जाने भनेपछि भारतले हतार हतारमा निमन्त्रणा पठाउँछ कि भनि उहाँलाई लागेको छ । जब कि चीनले पनि हालसम्म निमन्त्रणा दिएको छैन । चिनियाँ नेताहरु नेपाल भ्रमणमा आउने क्रममा कटसीका लागि चीन घुम्न आउन भने पनि औपचारिक निमन्त्रणा दिएका छैनन् ।

परराष्ट्रमन्त्री डा.आरजुराणा देउवा सचिवालयका एक अधिकारीले भन्नुभयो, 'चीनले औपचारिक निमन्त्रणा त दिएको छैन तर कुराकानी भइरहेको छ । चीनले प्रधानमन्त्री ओलीलाई आफ्नो देशको भ्रमण गराउन चाहेको छ । प्रधानमन्त्री ओलीको सचिवालयसँग यो विषयमा चीनले समन्वय सुरु गरेको छ प्रधानमन्त्री ओलीले चीन जाने इच्छा देखाएपछि औपाचारिक निमन्त्रणा दिएर बोलाउछ सायद ।' प्रधानमन्त्री ओली संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन अमेरिका पुगेका बेला भारतका प्रधानमन्त्री मोदीसँग साइडलाइन वार्ता गर्नुभएको थियो । त्यो भेटवार्तामा पनि नेपालको तर्फबाट प्रधानमन्त्री मोदीलाई भ्रमणका लागि औपचारिक रुपमै भनेको थियो । त्यस्तै अमेरिकामै प्रधानमन्त्री ओलीले असोज ११ गते चीनका विदेशमन्त्री वाङ यीसँग साइडलाइन भेटघाट गर्नुभएको थियो । त्यो भेटघाटमा प्रधानमन्त्री ओलीको चीन भ्रमणको बारेमा चर्चा समेत भएको थिएन ।

## फरकमत

# चाडपर्वमाथि राज्यको प्रहार



राजेन्द्र महतो

पहिचान मान्छेको चिनारी हो । अहिले शासन-सत्ताको केन्द्रमा जो छन्, उनीहरूले पहिचानका निम्ति संघर्ष गर्नुपरेन । शिक्षा उनीहरूको दैलोदैलोमा पुग्यो । शिक्षाको आलोकमा उनीहरूले ज्ञानविज्ञानको क्षेत्रमा फड्को मारे । संरचनागत लाभांशको फाइदा उठाए । शासन-सत्ताको उपरी संचरनामा पुगेका उनीहरू अहिले भनिरहेका छन्, 'कहाँ सबै क्षेत्रमा आरक्षण र कोटा खोजेर हुन्छ । हामीजस्तै प्रतिस्पर्धामा आउनुपर्छ । प्रतिस्पर्धा र क्षमतामार्फत् सबैतिर श्रेष्ठ बन्नुपर्छ ।' तर उनीहरूले यो तथ्य बुझ पचाइरहेका छन् ।

उनीहरू शासन-सत्ताको पहुँचमा सुरुदेखि नै थिए । उनीहरूको पुस्ता दरपुस्ताले शासन-सत्ताको वरिपरि रहेर लाभ उठाउँदै आएका थिए । मधेशी समुदाय जस्तो जन्मदै ऋणको गर्तमा जन्मनु परेन । अभावको गर्तमा आकण्ठ जाकिनु परेन । पाइलैपिच्छे यो देशमा जन्मिएको प्रमाण देखाउनु परेन । पहिचानविहीन जीवन भागमा परेन ।

कुनै पनि वर्ग, समुदायको पहिचान मेटियो भने अधिकार पनि खोसिँदो रहेछ । पहिचान नै रहेन भने केको नाममा अधिकारको दाबी गर्ने ? पहिचान कायम हुनुपर्छ भन्नुको अर्थ त्यही पहिचानको नाममा अधिकार प्राप्त गर्ने बाटो खोज्नु पनि हो । त्यसैले हामीले पहिचानसहितको संघीयताको कुरा उठान गर्यौं । अहिले नश्लीय सत्ताले प्रदेश नम्बर १ को नाम कोशी नामकरण गरेको छ । जबकि, पञ्चायतले पनि किराँत स्वीकार गरेको थियो । नश्लवादीहरू पञ्चायतभन्दा पनि पछाडि फर्किएर एकल जातीय अहंकार लाद्न लागिपरेका छन् । हाम्रो असन्तुष्टि यहींनेर हो । पहिचानका लागि संसारभर संग्राम चलेको छ । यद्यपि यो सिलसिला जारी छ ।

पहिचानसहितको संघीयताका लागि डेढ सय मधेशीले आफूलाई बलिवेदीमा चरु झैं होमेका छन् । अधिकार माग्दा गोली थमाउने नश्लीय सत्ताले मधेशको आवाज बन्दुकले नै दबायो सोचेको होला ! पहिचानको आन्दोलन खरानीले छोपेको आगो जस्तो हो । बाहिरबाट हेर्दा ज्वाला नदेखिन सक्छ । तर आगो जीवन्त रहन्छ । मधेशीको पहिचान स्थापित गरि छाड्ने उद्देश्यले सुरु भएको आन्दोलन अहिले मध्यान्तरमा छ । शक्ति सञ्चय गर्ने चरणमा छ ।

जब ज्वाला दन्काउने जुगाड भइसक्छ, डढेलो यसरी फैलने छ, शासक र तिनका उपासकहरूले कल्पना पनि गर्न सक्ने छैनन् । संरचनागत लाभका कारण सत्तामा पुगेकाहरूको शासन क्षणभङ्गुर बन्ने छ । यहाँनेर पहिचान भनेको के हो भनेर प्रश्न उठ्न सक्नेछ । मधेश प्रदेश दिएकै छौ त भन्ने जवाफ पनि नआउने होइन । अहिलेको प्रदेश संरचना महेन्द्रको विकास क्षेत्रीय ढाँचा हो । पञ्चायतको जन्मदाता महेन्द्र बरु यिनीहरूभन्दा उदार थिए । विकास क्षेत्रको संरचनामार्फत् प्रशासनलाई छरेका थिए ।

कुनै पनि समुदायको पहिचान भाषा, संस्कृति र वेशभूषाबाट कायम हुन्छ । यहाँ खस-आर्यबाहेक जातिको पहिचानलाई खासै स्वीकारिँदैन । अहिले मेला-महोत्सव, झाँकीहरूमा विभिन्न जातजातिको वेशभूषा प्रयोग गरिन्छ । नेताहरू त्यसैमा सजिएर पहिचान दिन तयार भएजस्ता पनि देखिन्छन् ।

यही ढोग र पाखण्डभित्रै हाम्रो पहिचान नामेट भएको छ । मधेशी, जनजातिहरू आज पनि आफ्नो मातृभाषामा पढ्न पाउँदैनन् । नेपाली भाषा नै पढेर खस-आर्यसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था छ । सबैलाई पहिचान दिलाउन र देश सबैको साझा हो भन्ने भावना जगाउन दलहरु सुरूदेखि नै अग्रसर छन् । मधेशको वेशभूषा र पहिचान भनेको धोती, कुर्ता, पाइजामा, लुंगी र गम्छा हो । यो प्रयोग गर्नुको आफ्नै वैशिष्ट्य छ । वैज्ञानिकता छ । यो पोशाक मधेशको हावापानी र माटो सुहाउँदो हो । उष्ण ठाउँ भएकाले पातला र हिँड्दा, बस्दा अप्ठ्यारो नहुने प्रकारको लुगा लगाउनुपर्ने हुन्छ ।

गर्मीको ठाउँमा बख्खु लगाउने कुरा आएन । तर, मधेशको यो पहिरनलाई हेलाहाँसो गर्दै अपमान गरिराखियो । धोती लगाउने मधेशीहरूलाई अपमान गर्न 'धोती' शब्द प्रयोग गरियो । मधेशीको मुटुमुटुमा बिझेको छ यो अपमान । यसलाई मेटाउनका लागि पनि हामीले साझा पहिचान र पहुँचका आवाज मुखरित गरेका हौं । मधेशमा मनाइने चाडपर्वले मधेशीको जीवनमा उमङ्गको इन्द्रेणी ल्याउँछ । यहाँका पर्व-त्यौहारको आफ्नै रौनक छ । तर राज्यले लामो समयसम्म यहाँका पर्व-त्यौहारलाई राष्ट्रिय मान्यता दिन चाहेन । मधेशमा रहेका पहाडी समुदाय दशैंमा उत्सव मनाउँथे । घटस्थापनादखि कोजाग्रत पूर्णिमासम्म झन्डै आधा महिना बिदा दिइन्छन् । तर, त्यस्तै उत्सव मनाउने हाम्रो छठ पर्वमा बिदा दिइँदैनन् । पहाडको फागु पूर्णीमालाई मान्यता दिइयो, तर होलीका दहनपछि मधेशमा आयोजना हुने जुन होली संस्कृति छ, त्यसलाई स्वीकार्न बडो कठिन भयो । लडाईं नै लड्नुपर्‍यो ।

मधेशमा मुस्लिम समुदायको पहिचान र संस्कृतिका रूपमा रहेका इद, बकर इदजस्ता पर्वलाई पनि मान्यता दिइएन । थारूहरूले मनाउने माघी पर्वमा पनि बिदा थिएन । यो सांस्कृतिक विभेदको पराकाष्ठा थियो । मधेशवादको दृष्टिमा यो कृत्य मधेशको संस्कृतिमाथि आक्रमण थियो । घोर अन्याय थियो । त्यसका विरुद्ध संघर्ष अनिवार्य थियो । देश भनेको भावना मात्रै होइन, अपनत्व पनि हो । हामीले साझा अपनत्वका लागि लडेको लडाई थियो । यो देशभक्ति राष्ट्रले गर्ने व्यवहारमा निर्भर हुन्छ । मधेशमा विद्रोहको लहर उठ्न थालेपछि पहाडका जनजाति पनि आफ्नो सांस्कृतिक पहिचानका लागि जुर्मुराए । सांस्कृतिक पहिचानको लडाइँले क्रमिक रूपमा मधेशका पर्व त्यौहारले राष्ट्रिय मान्यता पाउन थाले । पहाडको कुनै एक समुदायलाई कुकुरपूजामा पनि सार्वजनिक बिदा दिने, तर मधेशको छठ, होली र ईदमा बिदा दिन शासक वर्ग हिच्किचायो । यस अवस्थामा मधेशका जनताको शासक, सरकार र राष्ट्रप्रति के धारण बन्यो होला ? नश्लवादी सरकार यसबारे कहिल्यै संवेदनशील बनेन ।

मधेशको पहिचान मेटाउन मधेशका कला, संस्कृति र साहित्यलाई पनि उपेक्षा गरियो । राज्यबाट मधेशको कला, संस्कृति र साहित्यको अन्वेषण, विकास र संरक्षण गरिएन । तिरहुत, सिमौनगढको सभ्यताका अवेशषहरू त्यत्तिकै बिलाएर गयो । काठमाडौंको सत्ताले त्यसको संरक्षण गर्न उचित ठानेन ।

मधेशका मौलिक गीत-संगीत, माटोको ध्वनीलाई प्रश्रय दिने नीति, कार्यक्रम केही ल्याइएन । नेपाल प्रज्ञा प्रतिष्ठानलाई सत्ताका आसेपासेहरूको भर्ती केन्द्र बनाइयो । मधेशका गायक-गायिका, नृत्यकार, साहित्यकार, कलाकार र बुद्धिजीवी प्राज्ञ बन्न सक्छन्, यिनीहरूको पनि सांस्कृतिक चेतना हुन्छ भनेर शासक वर्गलाई कहिल्यै लागेन । मधेशको सांस्कृतिक पहिचान मेटाउने षड्यन्त्रका कारण मधेशका जनतामा आफ्नै मौलिक संस्कृति बिर्सने प्रवृत्ति देखापर्यो ।

बाँकी पृष्ठ ८ मा



■ सन्तोष मेहता

# मधेश राजनीतिको अब पुनर्गठन गरौँ

नेपालमा बहुदलीय व्यवस्था आएदेखि अर्थात पञ्चायतको अन्त्यसँगै २०४७ देखि नै अनेक दलसँगै मधेशी दल वा मधेशवादी दल पनि रहदै आएको छ। तत्कालिन अवस्थामा सद्भावना पार्टी मात्रै मधेशवादी दलको रुपमा थिए। एउटा मात्रै मधेशी दल सद्भावना हुँदा पनि सो दल र त्यसपछि स्थापित भएको अन्य दल पनि पटक पटक टुटफुट भएका छन्। फेरी एकजुट पनि भए। फेरि छिनभिन्न भए।

मधेशी जनता मधेशका दलहरू संगठित भएको देख्न चाहन्छन्। मधेशी दलहरूको टुटफुटको नियति मधेशका लागि एउटा अभिशापको कारक बन्दै आएको मधेशी जनता भन्छन्। नेपालमा प्रायजसो हरेक १० वर्षमा एउटा आन्दोलन हुने गर्छ र नेपालमा हुने हरेक आन्दोलन वा परिवर्तनको सेरोफेरोमा मधेश केन्द्रित दल वा शक्ति पनि नयाँ स्वरुपमा आउने गरेको छ।

हरेक आन्दोलन वा राजनीतिक परिवर्तनपछि नेपाली राजनीतिको पुनर्गठन हुने गरेको छ। नेपालको राजनीति जसरी जसरी अगाडी बढेको छ, त्यस्तै प्रकृतिको मधेशी राजनिती पनि पुनर्गठित भएको छ। २००७ सालको राणा शासनको अन्त्य पश्चात स्थापित भएको तराई काँग्रेश होस् कि पञ्चायतमा भूमीगत रहेर भएको संगठित असंगठित मधेश अभियानहरु वा २०४७ को प्रजातन्त्रको पुन स्थापना पश्चात मधेशीहरुको पार्टी निर्माण हुनुपर्ने अभिप्रायले स्थापित भएको नेपाल सद्भावना पार्टी होस् वा  २०६३ सालपछि मधेशी फोरमको उदय, सद्भावनाको पुनर्गठन र तमलोपाको गठन एक-दुई वर्षभित्रै भएका घटना थिए। २०६२/०६३ को जनान्दोलन पश्चात् नयाँ ढंगले मधेश केन्द्रित दलहरु संगठित भएका थिए।

हुन् त त्यतिबेला पनि सबै मधेशी दलहरू एक हुनुपर्ने जोड्दार आवाज उठेकै थियो। तर आन्दोलनका लागि मोर्चाबन्दी भए पनि त्यस लगतै भएको पहिलो संविधान सभाको निर्वाचनमा एक भएर जान सकेनन्। मुख्य रुपमा सँगै आन्दोलनमा रहे पनि तत्कालिन मधेशी जनअधिकार फोरमको अनिच्छाको कारण मोर्चाबन्दी हुन सकेन। पहिलो संविधानसभाको निर्वाचनपछि सुरु भएको सत्तारोहणको यात्रामा मधेशी दलहरू जुट्नुको सट्टा फुटी रहे। यसले राष्ट्रिय राजनीतिमा मधेशी नेताहरू परिहासका पात्र, पदलोलुपको आरोपबाट गुज्रे भने मधेशी समाजमा घोर निराशा छायो।

फलस्वरूप संविधानसभाको दोस्रो निर्वाचनमा तराई-मधेशका आम नागरिकले मधेशी दललाई रुचाएनन्। स्थायी सत्ता र राष्ट्रिय दलहरू त्यसबाट निकै हौसिएका थिए, जसको परिणामस्वरूप १६ बुँदे सहमति भयो र मधेशी मोर्चालाई नजरअन्दाज गरेर संविधान निर्माणको राजनीतिलाई अगाडि बढाइयो। त्यसै बेलादेखि मधेशमा सुरु भएको आन्दोलनले काठमाडौंसँग संविधान संशोधन वा पुनर्लेखनको माग गरिरहँदा पनि मधेशी दलहरू बिच एकीकरण हुनुपर्ने चाहना सँगसँगै राखेका थिए। झन् आन्दोलन तुहिन गएपछि र त्यसै बिचको मलेठ घटनाको श्रद्धाञ्जली सभामा मधेशी जनताले अब छुट्टाछुट्टै पार्टी रहेर मधेशी जनता विजय हासिल गर्न नसक्ने हुँदा एकीकृत हुनुपर्ने जोड्दार अवाज उठाए। तर फेरी पनि उपेन्द्र यादव नेतृत्वको पार्टी एकतामा आउन चाहेन र उक्त दल बेगर एकीकृत भएर राष्ट्रिय जनता पार्टी बनेको थियो।

संविधान २०७२ निर्माण पश्चात्को यो अवधिमा प्राय जसो आन्दोलनमा सँगै रहेका दलहरु एकीकृत भइरहेका थिए। तर दुर्भाग्य एउटा निर्वाचन पनि सँगै लड्न नपाएर मधेशी दलहरूले लिएको सत्ता राजनीति, जसले दलहरूलाई चिराचिरामा पुन विभाजित गरिदियो, त्यो बाटो ठिक थिएन। हुन त एकीकरण रहन नसक्नु पछाडिका अनेकौं सामाजिक, राजनीतिक र व्यक्तिगत कारण छन्। तर मधेशी नेताले प्रकट गरेका टिप्पणीका आधारमा भन्नुपर्दा समग्र एकीकरण प्रक्रियाको सबभन्दा ठूलो र बलशाली बाधक उपेन्द्र यादव देखिदै आएका छन्।

पहिला पहिला पनि जब मधेशी दलहरु बिच एकताको कुरा हुन्थ्यो। यससम्म कि एकताका प्रक्रिया नै अगाडी बढ्थ्यो। एकता प्रक्रियामा सहभागी भए आफू सिद्धिने डरले नै एकीकरण प्रक्रियाबाट भाग्ने गरेको निष्कर्ष पनि लगभग स्थापित भइसकेको थियो।

**दल बिच एकता**

किनभने छ वटा मधेश केन्द्रित दलहरु मिलेर २०७४ बैशाख ७ गते राष्ट्रिय जनता पार्टी गठन गरेका थिए। मधेशलाई केन्द्र बनाएर संघर्ष गर्दै आउनु भएको महन्थ ठाकुर नेतृत्वको तराई मधेश लोकतान्त्रिक पार्टी, राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टी, महेन्द्र राय यादव नेतृत्वको तराई मधेश सद्भावना पार्टी, शरतसिंह भण्डारी नेतृत्वको राष्ट्रिय मधेश समाजवादी पार्टी, राजकिशोर यादव नेतृत्वको मधेसी जनअधिकार फोरम गणतान्त्रिक र अनिल झा नेतृत्वको नेपाल सद्भावना पार्टी मिलेर राजपा, नेपाल गठन गरेका थिए। त्यतिबेला फोरम एकता प्रक्रियामा सहभागी भएन। अन्य दल एकीकरणको लागि प्रयास गरिरहँदा ऊ भने चुनावी तयारी गरिरहेको थियो। राजपाले चुनाव बहिष्कार गर्ने चेतावनी दिएकोले नै चुनाव विभिन्न चरणमा भएको थियो। पहिलो र दोस्रो चरणको निर्वाचन राजपाले बहिष्कार गरिरहँदा उपेन्द्र यादवहरुले भने निर्वाचनमा सहभागी हुनुभएको थियो। त्यति मात्र कहाँ हो र आन्दोलनका बखत ओलीसँग सिधा टक्कर लिएर आएका मोर्चाका एक घटक अर्थात उपेन्द्र यादव सजिलै ओली सरकारमा सहभागी हुनुभएको थियो। यसरी उपेन्द्र यादव सत्ताका सामु आत्मसमर्पण गरेपछि राजपा नेपालले कही गरोस् भनि आन्दालनबाट हार ब्यहोरेका मधेशी जनतामा आश पलाएको थियो। तर अपसोच राजपा अलमलमा रहयो। जनताको चाहन अनुसार केही गर्न सकेन।

राजपाभित्र चक्रीय प्रणालीको अभ्यास असफल हुँदै गएको र उपेन्द्र यादव नेतृत्वको समाजवादी पार्टी फुटको संघारमा पुगेका बेला दुई दल बिच भएको त्यो एकीकरण अनपेक्षित थियो। दुई दल बिच एकीकरण भएर जनता समाजवादी पार्टी नेपाल बनेको थियो। यसले भविष्यमा दुई फरक सैद्धान्तिक धार र व्यवहारका शक्ति बिच सम्बन्ध दिगो नरहने आँकलन उति बेलै गरिएको थियो। पटकपटक प्रतिनिधिसभा विघटन गर्ने कामलाई प्रधानमन्त्रीको अधिनायकवादी र प्रतिगमन कदमको संज्ञा दिँदै उपेन्द्र यादवले ओली सरकारको विकल्प खोज्न थाल्नुभयो। त्यति नै बेला महन्थ र उपेन्द्र यादव बिच टकराब सुरु भएको थियो। ओली सरकारको पतनसँगै उपेन्द्रका पक्षमा बहुमत जुटेपछि महन्थ ठाकुर पक्षका नेताहरुलाई पार्टीबाट निष्कासन गर्ने, स्पष्टिकरण सोध्ने जस्ता काम भयो। पार्टीभित्र भएको विवादका कारण उपेन्द्र पक्ष पार्टी एकीकृत रहोस् भन्ने चाहना नै राख्नु भएन। सबभर महन्थ ठाकुरहरु पार्टी छाडेर जाओस् भनि चाहना उपेन्द्र यादवको थियो।

उहाँले महन्थ ठाकुर, राजेन्द्र महतो लगायत १६ जना नेतालाई पार्टीको साधारण सदस्य समेत नरहने गरी निष्कासन गर्नुभयो। उहाँहरु पार्टीविहिन भए र पछि निर्वाचन आयोगबाट अर्को पार्टी खोल्ने बाटो पाएपछि जनता समाजवादी पार्टी फुटाएर लोकतान्त्रिक समाजवादी पार्टी बनाउनुभयो। त्यसपछि त जसपा नेपाल यति पटक फुट्यो कि मानौं कि यो पार्टीको अब औचित्य नै रहेन। जसपाबाट डा. बाबुराम भट्टराई छुटिएर नेपाल समाजवादी पार्टी गठन गर्नुभएको छ। भट्टराईसंग महेन्द्रराय यादव समेत छुटिनुभएको छ। महेन्द्र नेतृत्वमा रहेको नेसपा अहिले माओवादी केन्द्रसँग एकीकरण गर्ने जाँचोपाँजोमा हुनुहुन्छ। रेशम चौधरी अलग भएर नागरिक उन्मुक्ति पार्टी बनाउनुभयो। त्यसपछि जसपा नेपालबाट अशोक राइ नेतृत्वमा केही सांसदहरु अलग भएर जसपा गठन गर्नुभयो। महेन्द्र लावातीहरु अलग भएर पहिचानवादी मोर्चा बनाउनुभयो।

**फुट शृङ्खला**

मधेश केन्द्रित दल बीच फुट र फुट पछिको फेरी एकजुटको एउटा शृंखला पार गरि सकेर पुन फुटको चरणमा प्रवेश गरेको छ। स्थापना हुँदै सद्भावना, फोरम र तमलोपा तीन वटा बेग्ला बेग्लै भएको यी तिन वटै पार्टी नेतृत्वको अहम्, व्यक्तिवादी प्रवृत्ति र सत्तालिप्साका कारण पार्टीभित्र काम गर्न असजिलो भएको आरोप लगाउँदै तिनै पार्टीका प्रभावशाली नेताहरू पार्टीबाट अलग हुन थाल्नुभयो। फोरम, तमलोपा र सद्भावनाबाट बनेका दलहरू पटकपटक सरकारमा सहभागी भए। विडम्बना भनौं फुट्ने र फुटाउने दुवै दलका नेता एउटै सरकारमा सहभागी हुनुभएको थियो। तत्कालिन फोरम लोकतान्त्रिकका वरिष्ठ नेता शरतसिंह भण्डारीले राष्ट्रिय समाजवादी पार्टी बनाउनुभयो। यसरी संविधानसभा-१ मा मधेशकेन्द्रित पार्टी बिच विभाजनको अत्यासलाग्दो शृंखला आरम्भ भयो। संविधानसभा-२ सम्म आइपुग्दा संसदमा सहभागिताको दृष्टिले संख्यात्मक रूपमा कमजोर मधेशकेन्द्रित दलहरू क्षयकृत शक्तिलाई मजबुत बनाउन एकताका विषयमा कुरा आरम्भ गरे। नेपालमा नयाँ संविधान जारी भएपछि तेस्रो मधेस आन्दोलन भयो। यो आन्दोलनमा दलहरूबीच भएको सहकार्यले टुक्रा-टुक्रामा विभाजित दलहरूलाई जनता समाजवादी पार्टीको नाममा एक ढिक्का हुने अवसर बनेको थियो। मधेसको मुद्दा उठाउदै भएको संघर्ष र आन्दोलनको इतिहास लामो छ। त्यस्तै मधेशवादी राजनीतिक दलहरुको विभाजन र एकताको इतिहास पनि त्यस्तै लामो छ।

सन् २०१० बाट सुरु भएको मधेश विद्रोह पटक पटक हुँदै अगाडी बढ्दै जाँदा सयौंको संख्यामा सहादत भए। त्यही मधेश विद्रोहले मुलुक संघीयतामा जान बाध्य भयो। तर यो विकृत संघियता हो। यस्तो संघियताले एकात्मकताको नै सेवा गर्ने गरेको छ। त्यसैले यी सबै उपलब्धिहरु अधुरा रहेका छन्। अधुरा उपलब्धि पुरा गराउनेतर्फ यस बिच मधेश केन्द्रित भनिएका दलहरुले कुनै ठोस कार्य गरेनन बरु सत्तामा कसरी जान सकिन्छ त्यसको निम्ति अनेक तिकडम गरे।

**नेतृत्व स्विकार नगर्ने रोग**

एकजुट भएर पछिल्लो आन्दोलन गरेको पनि एक दशक हुनै लागेको छ। सम्पूर्ण नेपाली राजनीतिमै राजनीतिक पुनर्गठनको माग अगाडी बढेको छ। अहिले नेपाली समाज सम्पूर्ण दल एवं नेताहरु प्रति निराश छन्। अहिले रहेका मधेशका कुनै पनि दलहरूको पक्षमा थोरै पनि लहर छैन। न त कुनै नेता विशेषको करिश्मायी जादु नै चल्नेवाला छ। यी दलहरू एकीकरण रहन नसक्नुका चुनौती भनेको कसैको नेतृत्वलाई स्विकार नगर्ने, मिस्टर अध्यक्ष बन्ने प्रवृत्ति नै मुख्य हो। तर यी सबै भन्दा मुख्य विषय भनेको के हो भने अब सम्पूर्ण नेपाली राजनीतिको पुनर्गठनको माग एवं आवश्यकतासँगै मधेशको राजनीतिको पनि पुनर्गठनको माग र आवश्यकता अगाडी बढेको छ। यसो गर्न नसके मधेश नेतृत्वको औचित्य उपर नै प्रश्नहरु उठान हुन् थाल्नेछ।

**मधेश राजनीतिको पुनर्गठन**

अब मधेश राजनीतिको पुनर्गठन गर्दा केही प्रश्नको हल निस्कने गरी र केही यथार्थ स्वीकार गरेर गर्नु पर्दछ जस्तै- विगतमा भएको विशाल मधेश आन्दोलनले (नाकाबन्दी समेत) कुनै नतिजा दिन सकेन। त्यसैले अब यस्तै अवस्थामा आन्दोलनको पक्षमा मधेशी जनता छैनन्। विगतमा भएको उत्पीडितहरुको छुट्टाछुट्टै एकल आन्दोलन र एकल एजेन्डामा आन्दोलन हुन् सक्दैन। अर्थात उस्तै प्रकृतिको आन्दोलन र उस्तै एजेन्डा अब रुचिकर पनि रहेन। अझ पुरानै विचारले यी तमाम बेथितिविरुद्ध आन्दोलन हुन् पनि सक्दैन र त्यसले नतिजा पनि दिनेवाला छैन। नेपालमा रहेका जति पनि दल छन् वा विचार छन्, यदि उ गैर कम्युनिष्ट हुन् भने उ 'उदारवादी', 'प्रजातान्त्रिक समाजवाद' वा 'सामाजिक लोकतन्त्र' पक्षधर हुन् तर यो विचार एक्काइसौं शताब्दीका लागि कुनै नयाँ विचार हैन, न त यसले कुनै नयाँ तथा उन्नत अभ्यासको मार्गदर्शन नै गर्न सक्दछ। यो धारको राजनीति १९औं शताब्दीको उत्तरार्धतिर जर्मनीबाट संस्थागत भएको थियो। फर्डिनान्ड लासाल, एडबर्ड बर्नस्टिन, कार्ल काउत्स्की आदि यो धारका मुख्य चिन्तक थिए। यी विचारमा अब कुनै विश्वास पनि रहेन।

त्यसैगरी कम्युनिष्ट विचार जुन २०० वर्ष पुरानो हो, अहिले असान्दर्भिक मात्र हैन, हास्यास्पद सावित भइसकेका छन्। जस्तो- सर्वहारा राज्य, अतिरिक्त मूल्य, एकदलीय सोभियत शासन व्यवस्था, निजी सम्पत्तिको उन्मूलन, बजार अर्थतन्त्रको अन्त्य र कम्युन प्रणाली जस्ता अवधारणा बिल्कुलै वहियात साबित भइसकेका छन्। उपरोक्त सबै विचारधाराले सीमान्तकृत जातीय, भाषिक, साँस्कृतिक, धार्मिक तथा एतिहासिक समुदायलाई विग्रह, अलगाव स्थितिमा पुर्याई दियो। केही नयाँ दल आए पुरानालाई गाली गरेर तर उनीहरु विचार र एजेन्डामा भन्दा बढी 'उमेर-समूह अवधारणा' मा विश्वास गर्थे।

'पुराना र पाको उमेरका मान्छे सबै खराब हुन्छ' भन्ने सोच बलियो थियो। यस्तो सोचले दुर्घटना गराउँछ, केवल हाम्रो भावनाको व्यापार गर्छ। सबै उही र उस्तै हुन्, अन्ततः सबै चण्डाल नै निस्कन्छन् भन्ने अब आम सहमति जस्तै बनेको छ। कसैलाई कसैप्रति विश्वास छैन। फेरि त्यही पुनरावृत्ति त हो, यदि छ भने के हो भिजन ? जो अहिलेको भन्दा फरक होस्, त्यसले परिणाम दिन्छ भन्ने न्यूनतम सुनिश्चितता होस् !' भन्ने गम्भीर प्रश्नको हल नखोजी पुरानै ढर्राले संघर्षको पक्षमा अब जनता छैनन्। त्यस्तो राजनैतिक दलको औचित्य र आवश्यकता पनि छैन।

उपलब्धिको रक्षा गर्नुपर्छ भन्ने भास्य निर्माण गर्न खोज्नेहरु २०७२ को संविधानमा लेखिएको संघियता, गणतन्त्र, धर्म निरपेक्षता, समावेशितालाई मुख्य उपलब्धिको रुपमा व्याख्या गर्ने गर्छन्। तर उक्त कथित उपलब्धिहरु जनतासम्म पुर्याउने साधन, संस्था, कार्यविधिहरु यस्ता बनाए कि त्यो जनताभन्दा पनि शासककै सेवा गर्न सकोस्। फलत संविधानमा संघियता लेखियो तर जनतासम्म पुग्नै नसकिने गरी, समावेशिता  लेखियो तर जनतासम्म पुग्नै नसक्ने गरी, धर्म निरपेक्षता लेखियो तर अराजकता महसुस हुने गरी, गणतन्त्र लेखियो तर राजतन्त्रभन्दा फरक नपर्ने गरी।

यसको मुख्य कारण के हो भने संविधान बनाउँदा एकल नश्लीय शासकीय चिन्तन बोकेकाहरुको प्रभावमा, यस्तो ज्ञानको श्रोतको रुपमा रहेकाहरूको दबावमा र मधेशी-आदिवासी आन्दोलनमार्फत उपलब्धि संस्थागत गर्न खोज्नेहरुको अभावमा निर्माण भएकोले यस्तो हुन् गयो। संविधान सभाबाटै संविधान निर्माण गरिएको हो भन्नेहरुले पनि झुट र भ्रम मात्रै फैलाईरहेका छन्। वास्तवमा सिमित व्यक्तिहरु कट पेस्ट गर्दै संविधान लेखे र हुन्छ कि हुन्नको भरमा फास्ट ट्र्याकबाट संविधान सभामा पारित गरे। त्यहाँ लोकेन्द्र बिष्ट मगर नेतृत्वको उच्च स्तरीय समितिको प्रतिवेदन, उच्च स्तरीय आयोगको रिपोर्ट र संविधान सभाभित्र भएको सम्पूर्ण छलफललाई नजर अन्दाज गरिएको छ। जनताले दिएको सुझावलाई समेत स्वीकार गरेनन्। संविधान सभा यस्तो हुँदैन। जनतालाई संविधान सभाको भ्रममा पारी औपनिवेशिक संविधान बनाए। अब यो औपनिवेशिक संविधान परिवर्तन गर्ने ल्याकत भएको राजनीतिक शक्ति चाहिएको छ।

**आन्दोलन किन असफल ?**

विशाल मधेश आन्दोलन किन असफल भयो त्यसको सटिक विश्लेषण नगरी रहरले मात्रै अब मधेश राजनीति अगाडी बढन सक्तैन। वास्तवमा राज्य मात्रै एकल होइन उत्पीडित समुदाय पनि एकल नश्लीय प्रवृतिले ग्रसित भयो, त्यसैले त एकल एकल आन्दोलन गरे। ती आन्दोलन एकल नश्लीय शासन व्यवस्थाविरुद्ध थियो तर त्यस विरुद्ध गरिएका आफ्नै आन्दोलन पनि एकल आयामिक थियो। हामी मधेसवादीहरु लगायत सम्पूर्ण पहिचानवादीहरु पनि एकल आयामिक गोलचक्करमा फसेकै कारण आन्दोलनहरु अधुरो रहन गयो। शासन पनि एकल नश्लीय त्यस विरुद्धको आन्दोलन पनि एकल आयामिक। त्यसैले त उत्पिडनमा परेका जनताले चाहेको जस्तो राजनीतिक उपलब्धि प्राप्त गर्न सकेन, देश पनि बन्न सकेन। तसर्थ यो सबै कार्यभार पुरा हुने गरी अबको मधेश राजनीतिको पुनर्गठनको आवश्यकता रहेको छ। यो दशकलाई सहि ढंगले पहिचान गरेर अर्थात सोहि कार्यभार पुरा गर्न राष्ट्रिय मुक्ति क्रान्ति नेपाल अगाडी बढेको छ। यस पक्षमा व्यापक ध्रुवीकरणको आवश्यक छ।

(लेखक सन्तोष मेहता राष्ट्रिय मुक्ति क्रान्ति नेपालका नेता हुनुहुन्छ)

अन्तरवार्ता

# नेपाल सद्भावना पार्टीले मात्र मधेशलाई विकल्प दिनसक्छ



■ गोविन्द चौधरी
महाधिवेशन आयोजक समितिका सहसंयोजक, नेपाल सद्भावना पार्टी

नेपाल सद्भावना पार्टीको महाधिवेशनको तयारी चलिरहेको छ। तर यसपटक पनि यो पार्टी विवादबाट मुक्त रहन सकेन। पार्टी स्थापना कालदेखि नै विवादको घेरामा रह्यो। जहिले पनि महाधिवेशनको समयमा पार्टीमा विवाद उत्पन्न हुने र विभाजन हुने गरेको देखिदै आएको छ। यसपटक पनि वीरगञ्ज र जनकपुर गरी दुई ठाउँमा महाधिवेशन हुँदैछ। वीरगञ्ज महाधिवेशनको नेतृत्वको रामचन्द्र कुशवाहाले गरिरहनु भएको छ भने जनकपुरको महाधिवेशन नेतृत्व रामकुमार महतोले गरिरहनु भएको छ। यो महाधिवेशनबाट पार्टी विभाजन हुन्छ भनि स्पष्ट छ। एकीकृत महाधिवेशन गराउन कोही पनि तयार हुनुहुन्न। नेपाल सद्भावना पार्टीमा सधै किन विवाद हुन्छ, किन दुई ठाउँमा महाधिवेशन, नेपाल सद्भावना पार्टी कसरी चल्छ लगायतका विषयमा नेपाल सद्भावना पार्टीका नेता एवं वीरगञ्जमा महाधिवेशन गराउन गठन गरिएको मुल आयोजक समितिका सहसंयोजक गोविन्द चौधरीसँग सहारा टाइम्सले गरेको छोटो कुराकानीको सम्पादीत अंशः

**जिवित मात्र रहेको नेपाल सद्भावना पार्टीमा पुन विवाद उत्पन्न भएको छ पटक पटक यो पार्टीमा किन हुन्छ विवाद ?**

यो पार्टी एक जना क्रान्तिकारी नेता गजेन्द्रबाबुले जन्माउनु भएको पार्टी हो। यो क्रान्तिबाट जन्मेको पार्टी भएको हुनाले यसका सबै नेता तथा कार्यकर्ताहरु क्रान्तकारी नै छन्। सायद त्यही भएर यस्तो भइरहेको छ जस्तो मलाई लाग्छ। क्रान्तकारी पार्टी भएका हुनाले नै सबैको नजर र चासो यही पार्टीमाथि रहेको छ। पटक पटक विभाजन भएर समाप्त भइसकेको पार्टीमाथी पनि यतिका आकर्षण छ भने बुझ्नुस् राम्रोसँग व्यवस्थित तरिकाले चलायो भने कस्तो हुन्छ। तर पार्टी सधै विवादमा नै रहदैन जस्तो लाग्छ मलाई। नेपाल सद्भावना पार्टी एउटा पार्टी नभएर विचार हो। जो यो विचारसँग सहमत रहन्छन् त्यो मात्र यो पार्टीमा रही रहन्छन् जो सहमत रहदैन त्यो आफै साइड लाग्छन्। पार्टीमा एउटा नेता भएर मात्र काम गर्ने हो भने देशमा थुप्रै पार्टी छन्।

ठूला ठूला पार्टी छन्। त्यहाँ गएर पनि राजनीति गर्न पाइन्छ तर नेपाल सद्भावना पार्टी एउटा यस्तो पार्टी हो जहाँ सिर्फ विचारको राजनीति हुन्छ। नैतिकता, इमान्दारीता, सिद्धान्तको राजनीति हुन्छ। गजेन्द्रबाबुले पनि सधै यही सिकाउनु हुन्थ्यो। तर पार्टीमा नेताहरु मात्र थिए, वैचारिक नेताहरु थिएनन्। नेताहरु सिर्फ आफ्नो राजनीति स्वार्थ मात्र हेर्छन्। त्यही स्वार्थका कारण अहिलेका पार्टीहरु लामो समय जान सकिरहेका छैनन्। जुन पार्टीमा विचार जिवित छ, नेताहरु वैचारिक राजनीतिमा विश्वास गर्छन् त्यो पार्टी अझै चलि नै रहेका छन्। कुनै नकुनै रुपमा जिवित नै छन्। नेपाल सद्भावना पार्टी पनि एउटै त्यस्तै पार्टी हो। गजेन्द्रबाबुको विचार र दर्शनबाट सिचिंत पार्टी हो। यो पार्टी त्यतिकै समाप्त हुँदैन। स्वार्थका राजनीति गर्ने हो यो पार्टीमा टिकेनन्। सबै छाडेर गए। यो पार्टी कुनै नकुनै रुपमा जिवित छ। अहिलेसम्म कुनै कारणले त जिवित होला नि। अब यस पार्टीमा नै सबै गोलबन्द हुन्छ र देशमा वैकल्पिक राजनीतिको नेतृत्व गर्छ।

**टुक्रा टुक्रा भइसकेका नेपाल सद्भावना पार्टीका नेताहरु पनि कोही कता कोही गइसकेको बेला यो वैकल्पिक राजनीतिको नेतृत्व यसले कसरी गर्छ ?**

यो पार्टीमा निस्वार्थ भावले लाग्नु भएका कुनै पनि नेताहरु यताउती भएका छैनन्। निस्कृय भएर बसेका छन्। यसै पनि नेपाल सद्भावना पार्टीलाई माया गर्ने थुप्रै नेता तथा कार्यकर्ताहरु छन्। कतिपय यस्ता पनि नेताहरु छन् जो नेपाल सद्भावना पार्टी छाडेपछि कही नगएर चुपचाप घर बसेका छन्। पार्टी पुनः सक्रिय हुन्छ कि भनि प्रतिक्षामा छन्। यो पार्टी पुनः सक्रिय भएको छ भनेर पुराना नेता तथा कार्यकर्ताहरु यो पार्टीसँग जोडिन थालेका छन्। आशा गरौं यसले मधेशमा मात्र होइन देशमा एउटा विकल्प दिन्छ।

**विकल्प कसरी दिन्छ यो पार्टीले सक्रिय नहुँदै पार्टीमा विवाद देखिएको छ मंसिरमा दुई ठाउँमा महाधिवेशन हुन लागेको सुनिन्छ कुरा के हो ?**

मैले अघि पनि भनेका थिए कि हरेक पार्टीमा लोभी पापी, स्वार्थी नेताहरु हुन्छन्। त्यसलाई फिल्टर गर्न केही समय लाग्छ। साइड लगाउन केही समय लाग्छ। अहिले पनि नेपाल सद्भावना पार्टीमा यस्ता नेताहरु छन् जो यसको नाम भजाएर आफ्ना रोजीरोटी चलाइ रहेका छन्। यसको नाम बेचिरहेका छन्। जो विगतमा पनि भएको थियो। विगतमा पार्टीमा नाम बेच्नेहरु कहाँ छन् तपाई आफै देख्न सक्नु हुन्छ। अहिले पनि केही मान्छे पार्टीभित्र छन् जो नेपाल सद्भावना पार्टीको नाममा विजनेश गरिरहेका छन्। त्यस्तै त्यस्तै व्यक्तिका कारण नेपाल सद्भावना पार्टी बदनाम भएको र विवादमा परेको हो। तर अब विस्तारै यी सब ठिक हुन्छ। रामकुमार महतो जो नागरिक उन्मुक्ति पार्टीमा हुनुहुन्छ। उहाँले नेपाल सद्भावना पार्टीको महाधिवेशन जनकपुरमा गराउने हल्ला गरिरहनु भएको छ। पार्टीमा नै नरहेका व्यक्ति महाधिवेशन कसरी गराउनु हुन्छ त्यसको कानुनी उपचार हामी खोजी रहेका छौं।

**पछिल्लो समय नेपाल सद्भावना पार्टीको अध्यक्ष रामकुमार महतो हुनुहुन्थ्यो नागरिक उन्मुक्ति पार्टीका नेता कसरी बन्नुभयो ?**

त्यही कुरा त म अघिदेखि भनिरहेको छु नि कि पार्टीमा आफ्नो व्यक्तिगत स्वार्थका लागि राजनीति गर्नेहरु भएका कारण यसको यो हालत भएको हो। सरिता गिरीहरु पार्टी छाडेर अरु अरु पार्टीमा गएपछि राजेन्द्र साहले यो पार्टीलाई निर्वाचन आयोगबाट जिवित गराउनु भएको थियो। पछि पार्टीको अध्यक्ष रामकुमार महतो बन्नुभयो। तर उहाँले पनि त्यसलाई चलाउन नसकेपछि नागरिक उन्मुक्ति पार्टीसँग एकता गर्नुभयो। नागरिक उन्मुक्ति पार्टी सरकारमा थियो, रामकुमार शर्माले आफ्ना श्रीमतीलाई जागिर लगाउने भनेर रेशम चौधरीसँग एकताको हात बढाउनु भयो। रेशमको पार्टीमा रामकुमार महतो उपाध्यक्ष बन्नुभयो। तर रामकुमार महतोले नेपाल सद्भावना पार्टीलाई नागरिक उन्मुक्ति पार्टीमा नमिलाएर त्यो पार्टी पनि आफूसँग राखेर श्रीमतीलाई सो पार्टीको अध्यक्ष बनाउनुभयो। तर श्रीमती सरकारी जागिरमा भएको कारण पार्टीको नेतृत्व गर्न नपाउने भनि निर्वाचन आयोगले नै मान्यता दिएन।

त्यसपछि त्यो पार्टी त्यतिकै लथालिगं भयो। रामकुमार महतो नागरिक उन्मुक्ति पार्टीमा सक्रिय रहनु भयो। उहाँको श्रीमती मालपोतमा जागिर खान थाल्नुभयो। त्यसपछि त्यो पार्टीमा रहेका केही नेताहरु सक्रिय भएर केही व्यक्तिहरुलाई जोड्ने काम गर्नुभयो। त्यही बेला रामचन्द्र कुशवाहा, म लगायत थुप्रै नेताहरु आए। पार्टी क्रियाशिल भयो। अब यसलाई राम्रोसँग चलाउनु पर्छ भनि पुराना पुराना नेताहरु जोडिन थाल्नुभयो। नेपाल सद्भावना पार्टीमा काम गरेका नेताहरु सम्पर्कमा आउन थाल्नुभयो। जब यो पार्टी सक्रिय भयो महाधिवेशनको मिति तय भयो। त्यसपछि रामकुमार महतो आफू पनि यही पार्टीमा रहेर काम गर्ने भनि भन्न थाल्नुभयो।

उता नागरिक उन्मुक्ति पार्टी सरकारबाट हटेपछि रामकुमार महतोको श्रीमतीको जागिर पनि गयो। त्यसपछि नेपाल सद्भावना पार्टीप्रति उहाँ सबैको ध्यान गयो। त्यतिबेलासम्म हामीले रामचन्द्र कुशवाहालाई महाधिवेशन आयोजक समितिको संयोजक बनाएर मंसिर १ गतेदेखि वीरगञ्जमा महाधिवेशन गर्ने भनि तयारीमा जुट्यो। सो आयोजक समितिमा रामकुमार शर्मालाई पनि सहसंयोजक बनाइएको थियो। तर पछि उहाँले आफूलाई कार्यबाहक अध्यक्ष घोषणा गरी जनकपुरमा महाधिवेशन गर्ने भन्न थाल्नुभयो। हामीसँग पैसाको बार्गेनिङ गर्न थाल्नुभयो। महाधिवेशनको नाममा जनकपुरमा पैसा उठाउन थाल्नुभयो। हामीले प्रहरीमा त्यसको विरुद्धमा निवेदन पनि दिएका छौं। निर्वाचन आयोगले हामीलाई पत्र दिएर महाधिवेशन गर्न भनेको छ तर रामकुमार महतोले जनकपुरमा महाधिवेशन गर्ने भनि लागि रहनु भएको छ। अब तपाई नै भन्नुस् जो व्यक्ति नागरिक उन्मुक्ति पार्टीको उपाध्यक्ष हुनुहुन्छ त्यो व्यक्ति अर्को पार्टीको कार्यबाहक अध्यक्ष छु भन्न पाइन्छ ? यस्तै यस्तै स्वार्थको, व्यपारको राजनीति गरेको कारण मधेशको हालत यस्तो भएको हो, पार्टीहरुको हालत यस्तो भएको हो।

**अब के हुन्छ महाधिवेशन हुन्छ त ?**

हुन्छ, महाधिवेशन हुन्छ। हामी आधिकारीक हौं। निर्वाचन आयोगले हामीलाई महाधिवेशन गराउन आधिकार दिएको छ। हामी त्यसको तयारीमा छौं। तोकिएको समयमा महाधिवेशन हुन्छ। रामकुमार महतोको लागि हामी कानुनी उपचारको खोजीमा छौं। उहाँ बद्री मण्डलसम्म पनि पुग्नुभएको छ। बद्री मण्डलले पनि चासो लिन थाल्नुभएको छ। देशमा राजवादीहरु सक्रिय हुन थालेपछि आफूलाई फ्रन्टमा देखाउन नेपाल सद्भावना पार्टीमा सक्रिय हुन खोज्नुभएको जस्तो छ। तर हेरौं हामी आफ्नो तयारीमा लागेका छौं।

**त्यसो भए महाधिवेशनबाट पार्टी पुनः विभाजन हुन्छ होइन ?**

मेरो विचारमा विभाजन हुँदैन होला। किनभने देशमा कानुनी राज्य छ। कानुनले पनि यी सब कुराको व्यख्या गर्ला सायद। हामीलाई त्यसमाथि भरोसा छ। हामीले पार्टी विभाजन हुन दिदैनौं। अरु कसैले अर्को पार्टी खोलेर केही गर्छन् भने त्यसमा हाम्रो भनाइ केही छैन तर हाम्रो साइडबाट नेपाल सद्भावना पार्टीको केही हुँदैन।

**तपाईहरु नै जनकपुरमा महाधिवेशन किन गर्नुहुन्न वीरगञ्जकै लागि किन जिद्द गर्नुभएको हो ?**

होइन, रामकुमार महतोले जनकपुरमा नै महाधिवेशन गरौं भन्दा हामी पनि तयार भएका थियौं। तर त्यहाँको व्यवस्थापनाको जिम्मेवारी हामीले नै लिन्छौं तपाईलाई दिनौं भनेका थियौ तर उहाँले मान्नु भएन। 'मलाई पैसा दिनुस् जनकपुरमा म महाधिवेशन गराउछु भनि उहाँ भन्नुहुन्छ। यस्तो कही हुन्छ उहाँलाई पैसा दिएर व्यवस्थापनको सबै जिम्मेवारी दिएर महाधिवेशन गराउँदा कस्तो महाधिवेशन हुन्छ आफै विचार गर्नुस्। उहाँका विगतको क्रियाकलाप हेर्दा उहाँमाथि हामीलाई विश्वास छैन। उहाँको हातमा दिएर महाधिवेशन गराउन सकिदैन। बरु हामी वीरगञ्जमै महाधिवेशन गर्छौं। जो मान्छे कहिले अनिल झासँग पार्टी बेच्ने बार्गेनिङ गर्छन् भने कहिले राजेन्द्र महतोसँग। त्यो मान्छेमाथि कसरी विश्वास गर्ने ? आफू नागरिक उन्मुक्ति पार्टीमा जाने र श्रीमतीलाई अध्यक्ष बनाई दिने व्यक्तिमाथि कसरी विश्वास गर्ने तपाई नै भन्नुस्। श्रीमतीलाई एउटा जागिर खुवाउनका लागि पार्टी नै अरुलाई सुम्पि दिने व्यक्ति भोली गएर अरु के बाँकी राख्ला र। अहिले पनि उहाँले हामीलाई पटक पटक भन्नुभएको छ कि यति ऋण छ, त्यति ऋण छ, यो पार्टी हातबाट गयो भने बर्बाद हुन्छु, पैसा चाहियो भन्नुहुन्छ। त्यही भएर हामीलाई उहाँमाथि विश्वास छैन। यदि उहाँ वीरगञ्जको महाधिवेशनमा सहभागी हुनुहुन्छ भने हामी स्वागत गर्छौं। महाधिवेशनबाट उहाँ पार्टीको अध्यक्षमा पनि उम्मेदावरी दिन सक्नुहुन्छ वा अरु कुनै पनि पदमा उम्मेवारी दिन सक्नुहुन्छ। तर त्यसअघि कुनै कम्परमाइज हुँदैन।

**यो हालतमा पनि तपाईले नेपाल सद्भावना पार्टी चलाउछु भनि आँट कसरी गर्नुभएको छ ?**

मैले अघि पनि भनेका थिए कि अहिले पनि इमान्दार नेता तथा कार्यकर्ताहरु विकल्पको खोजीमा छन्। नेपाल सद्भावना पार्टीका पुराना नेता तथा कार्यकर्ताहरु अझै पर्खेर बसेका छन्। धेरैले यही पार्टीलाई पुनर्गठन गरेर चलाउनुपर्छ भनेका छन्। मधेशमा धेरै पार्टी छन् तर ती पार्टीबाट थुप्रै नेताहरु विरक्तिएका छन्। ती सबै नेपाल सद्भावना पार्टीमा आउन चाहन्छन्। पूर्वी मधेशमा थुप्रै पार्टी क्रियाशिल छन् तर पश्चिममा त्यसको अभाव छ। पश्चिम मधेशमा नेपाल सद्भावना पार्टीमाथि आकर्षण बढेको छ। पार्टीको पुराना लिगेसी अझै बाँकी छ। त्यही भएर विश्वास छ कि यो पार्टी चल्छ।

# लकडाउन नभएको भ

- विविशा महतोको नाम सुन्नै वित्तिकै तपाईको मनमा आउन सक्छ कि उही टिकटक स्टार जसले आफ्नो टिकटकको माध्यमले श्रीमान रविन्द्र महतोसँग मिलेर समाजलाई परिवर्तन गर्न हरसम्भव कोशिस गरिरहनु भएको छ। समाजमा देखिएको बिकृति, विसङ्गती, छुवाछुत, दाइजोको बारेमा उहाँहरुले टिकटकबाट सचेतना दिइरहनु हुन्छ

- समाजसँग जोडिएका विसंगती र विकृतिका कुरा विविशाले आफ्नो टिकटकमा त्यतिकै व्यक्त गर्नुहुन्न। सानै उमेरमा उहाँले विभिन्न हण्डर र पिडा भोग्नुभएको हो। उहाँ त्यतिकै राजकुमारीबाट विविशा बन्नुभएको होइन। मोरगंको रंगेलीमा जन्मनु भएका विविशाको जन्मको नाम राजकुमारी हो। विष्णुदेव ढिलो सन्तान पाएपछि घरमा खुशीको सीमा थिएन

- विविशा र रविन्द्रको मिलन पनि रोचक छ। रविन्द्रले विविशालाई इन्स्ट्राग्रामबाट मन पराउनु भएको हो। सुरुमा रविन्द्रको विहे विविशाका फुपुसँग हुने कुरा थियो। दुवै जनाको बिचमा लामै समयदेखि विहेको कुरा चलिरहेको थियो तर फाइनल भइरहेको थिएन



कहिले काहीं जीवनले नजनानिदो तरिकाले कोल्टो फेरिदिन्छन् जसले जीवनलाई गुल्जार बनाइ दिन्छ या भताभुङ गरि दिन्छ। विविशा महतोको जीवनमा पनि त्यस्तै भएको हो। विविशा महतो भन्नुहुन्छ, 'मेरो जीवन गुल्जार भयो कि भताभुङ भयो मलाई नै थाह छैन तर गुल्जार बनाउने हरसम्भव प्रयास गरिरहेको छु।'

विविशाको जीवन पढ्दा रोचक छ। हरेक पन्ना एउटा कथा जस्तो लाग्छ। यसरी भनौं, उहाँ आफैमा एउटा सिंगैं उपन्यास हुनुहुन्छ, जसको एउटा कुनै पन्ना पल्टाउदा त्यहाँ कथा पाइन्छ।

विविशा महतोको नाम सुन्नै वित्तिकै तपाईको मनमा आउन सक्छ कि उही टिकटक स्टार जसले आफ्नो टिकटकको माध्यमले श्रीमान रविन्द्र महतोसँग मिलेर समाजलाई परिवर्तन गर्न हरसम्भव कोशिस गरिरहनु भएको छ। समाजमा देखिएको बिकृति, विसङ्गती, छुवाछुत, दाइजोको बारेमा उहाँहरुले टिकटकबाट सचेतना दिइरहनु हुन्छ।

'खुशी त तकदिरमा हुनुपर्छ, तस्विरमा हरेक मान्छे मुस्कुराउने गर्छ' 'पैसा नभएर पढाउन नसकेकी बा आमा ऋण खोजेर प्रदेश पठाउँछन् छोराछोरीलाई' यस्ता थुप्रै सन्देशमुलक टिकटक विविशा र रविन्द्रले बनाउनु



भएको छ। तर विविशाको अर्को जीवन पनि छ, जसले समाजलाई बुझ्न विवश बनायो। आफूले भोगेको, आफूले सम्झेको, आफूले देखेको कुरा मात्र उहाँले टिकटकमार्फत व्यक्त गर्नुहुन्छ न कुनै देखावटी न कुनै बनाबटी। 'यसरी टिकटक चलाउछु र यसैमा क्यारियर बनाउछु भनि मलाई लागेको थिएन, विविशा भन्नुहुन्छ, 'साथी भाइले चलाएको देखेर म पनि यसो चलाउ भनि समान्य ढंगले चलाउथे नियमित चलाउने सोच पनि थिएन, विहे भएर काठमाडौं आएपछि मात्र नियमित चलाउन थाले र यसैमा आफ्नो क्यारियर खोज्न थाले।'

**मधेशीबाट पहाडी**

खासमा विविशा महतो मधेशी समुदायका हुनुहुन्छ। उहाँका आमा बुवा पनि मधेशी। तर विविशालाई हेरेपछि कसैले पनि मधेशी भन्दैन। उहाँका श्रीमानलाई धेरै जनाले सोधी सकेको छ तपाईहरुको लभ म्यारेज हो कि क्यो हो। विविशालाई पनि धेरैले यस्तै प्रश्न गरेका हुन्छन्। तर विविशा भन्नुहुन्छ 'मलाई मधेशी हुनुमा गर्व छ।'

एउटा परस्थितिले उहाँलाई पहाडी बनाई दियो। फेरि अर्को परस्थितिले उहाँलाई पुनः मधेशी नै बनाई दियो। मोरङ रतुवामाइ नगरपालिकाका बुवा विष्णुदेव महतो र आमा सुनिता देवी महतोका जेठी छोरीको रुपमा जन्मनु भएका विविशाको दुई जना विवेक महतो र विनेक महतो भाइ छन्। खासमा विविशाको घर मोरङकै रंगेलीमा हो, उहाँ त्यही जन्मनु भएको हो। जहाँ मधेशी समुदायको बाक्लो वस्ती छ। विविशाका आमा-बुवा त्यही बस्नु हुन्थ्यो। त्यही खेती किसानी तथा अन्य घरायसी काम गर्नुहुन्थ्यो।

पछि विविशाका बुवा विष्णुदेवको जागिर रतुवाइमाइमा भयो। स्वास्थ्य कार्यालयमा कार्यालय सहयोगीको रुपमा जागिर गर्न थाल्नुभयो। सधैं रंगेलीबाट रतुवामाइ जान आउन गाह्रो हुने भएपछि विष्णुदेव त्यही बस्न सोच बनाउनुभयो। सुरुमा परिवारसहित डेरा लिएर बस्न थाल्नुभयो, पछि जग्गा किनेर त्यही घर बनाउनुभयो। जहाँ उहाँ बस्न थाल्नुभयो त्यो पहाडी समुदायको बाक्लो बस्ती हो। पहाडीको बिचमा विष्णुदेव जो मधेशी समुदायका हुनुहुन्छ उहाँ मात्रै एक जना मधेशी त्यहाँ हुनुभयो। खाँटी मधेशी समुदायबाट त्यहाँ बस्न थालेपछि सुरुमा विष्णुदेव र उहाँका श्रीमतीलाई भाषा र रहन सहनले गर्दा त्यहाँ घुलमिल हुन गाह्रो थियो।

विष्णुदेव सरकारी जागिरे भएका कारणले उहाँलाई भाषाको त्यति समस्या थिएन। त्यही जागिर गर्दै आइरहेको कारण घुलमिल हुन त्यति समस्या भएन तर विविशाका आमा भारतीय मुलका हुनुहुन्छ। उहाँ एक त भारतीय अर्को मधेशी भएको कारणले रतुवामाइमा थोरै गाह्रो भएको थियो। विविशा पढाइ लेखाइ गर्दै गरेको कारण उहाँलाई त्यति समस्या भएन।

रतुवाइमाइमा बस्न थालेपछि विविशाका परिवार पहाडी समुदायमा घुलमिल भयो। त्यहीको भाषा, त्यहीको सँस्कृति, भेषभुषा सबै अंगाल्नुभयो। चाडपर्व पनि त्यहीको मनाउन थाल्नुभभयो। यसरी भनौं, उहाँहरु सिधै मधेशीबाट पहाडीमा कन्भर्ट हुनुभयो। विविशा र उहाँका भाइहरुलाई मैथिली भाषा बोल्न त के बुझ्न पनि गाह्रो थियो। उहाँहरुको संगत, रहन सहन सबै पहाडी समुदायको भयो। पढाई लेखाइ पनि त्यस्तै भयो।

विविशा मधेशी बाहुल्य रहेको महोत्तरी मनरा सिस्वाका रविन्द्र महतोसँग विहे गर्नुभयो। त्यसपछि मात्र उहाँ मधेशी सँस्कृति, मधेशी भाषा र रहन सहन बुझ्न थाल्नुभयो। विहे गरेर आएपछि उहाँलाई केही समय निकै गाह्रो भएको थियो। मैथिली भाषा बोल्न त के बुझ्न पनि गाह्रो थियो। त्यहाँका कतिपय रितिरिवाज पनि मन परिरहेको थिएन। जस्तो कि घुँघटमा बस्ने, घरबाट निस्किन नदिने, सासु ससुराका तथा ठूलाबडाको अगाडि जान नदिने यस्ता कुराबाट

# ए दुबइमा हुन्थे विविशा

उहाँलाई दिक्दारी भइरहेको थियो ।

तर विस्तारै बुझ्दै जानुभयो । काठमाडौं आउने देवरहरुसँग भाषा सिक्दै जानुभयो । काठमाडौंमा मधेशीहरुसँग संगत भयो । मैथिली बोल्नेहरुसँग संगत भयो । अहिले विस्तारै सजिलो भइरहेको छ । सजिलो हुनुको एउटा कारण छ, 'उहाँ विहे गरेर आएपछि आफ्ना श्रीमानसँग काठमाडौं नै बस्न थाल्नुभयो । यसो चाडपर्वमा मात्र उहाँ गाउँ जानु हुन्छ । अरु समय श्रीमानसँग काठमाडौमा नै बस्नुहुन्छ । श्रीमान रविन्द्र महतो पेसाले इन्जिनियर हुनुहुन्छ र उहाँ एउटा स्थानीय तहमा कार्यरत हुनुहुन्छ ।'

**खाडीमुलकमा हुन्थे विविशा**

समाजसँग जोडिएका विसंगती र विकृतिका कुरा विविशाले आफ्ना टिकटकमा त्यतिकै व्यक्त गर्नुहुन्न । सानै उमेरमा उहाँले विभिन्न हण्डर र पिडा भोग्नुभएको हो । उहाँ त्यतिकै राजकुमारीबाट विविशा बन्नुभएको होइन । मोरगंको रंगेलीमा जन्मनु भएका विविशाको जन्मको नाम राजकुमारी हो । विष्णुदेव ढिलो सन्तान पाएपछि घरमा खुशीको सीमा थिएन । त्यही भएर घरमा विविशाको हजुर बुवाले उहाँको नाम राजकुमारी राख्नु भएको थियो । उहाँ घरको र मनको राजकुमारी हुनुहुन्थ्यो तर धनको होइन । सायद त्यही भएर होला आमा सुनितादेवीले राजकुमारी नाम हटाएर विविशा राख्नुभएको थियो । विविशाको घरको आर्थिक अवस्था त्यति राम्रो थिएन । जग्गा जमिन पनि खासै थिएन । सानो पदको जागिरले घरपरिवार चलाउन गाह्रो थियो उहाँको बुवालाई । त्यतिबेला छोराछोरीलाई पढाउनु घरपरिवार चलाउनु निकै गाह्रो थियो ।

त्यसमा पनि ऋण लिएर नै रतुवामाइमा जग्गा लिएर घर बनाउनु भएको थियो । एकातिर ऋणको टेन्सन अर्कोतिर घरव्यवहार चलाउन पनि गाह्रो । विविशा घरकी जेठी छोरी हुनुहुन्छ । आमाबुवालाई सघाउन उहाँको पनि जिम्मेवारी बन्छ तर कसरी उपाय नै निस्कि रहेको थिएन । प्लस टु पास गरिसक्नु भएका विविशाले कही काम पनि पाइरहनु भएको थिएन । त्यसका लागि ट्राइ पनि गर्नुभएको थियो । घरव्यवहार चलाउनु छ, दुई जना भाइ र आफू पनि पढ्नु छ तर घरको आर्थिक अवस्थाले नधान्ने भएपछि विविशाले आफ्नो पढाई बिचैमा छाड्न विवश हुनुभयो ।

रोजगारीको खोजीमा लाग्नुभयो । तर कहीबाट कुनै उपाय निस्कि रहेको थिएन । कुनै व्यवसाय थालौं भनि उहाँहरुसँग पुँजी पनि थिएन । अन्त्यमा विदेश जाने निर्णयमा पुग्नुभयो । मधेशी समुदायबाट महिलाहरु त्यति विदेश जाँदैन तर रतुवामाइ नगरपालिकाका पहाडी समुदायका महिलाहरु पनि खाडी मुलुकमा रोजगारीका लागि जान्थे । विविशा मधेशी हुनुहुन्थेन पहाडी भइसक्नु भएको थियो । वैदेशिक रोजगारीमा महिलाहरु जानु त्यहाँका लागि समान्य कुरा थियो ।

विविशाले पनि दुबइ जान तयार हुनुभयो । पासपोर्ट बनाएर एजेन्टलाई दिनुभयो । उहाँको भिषा आयो । त्यतिबेला देशमा कोरोना माहामारी सुरु भइसकेको थियो । दुवइको सुपरमार्केटमा क्यासियरमा काम गर्ने भिसा थियो । पढे अनुसारको जागिर पाएपछि उहाँ खुशी हुनुहुन्थ्यो तर अर्कोतिर दुख पनि थियो पढाई लेखाइ तथा आफ्नो परिवारलाई छाडेर पराय देश जानु परिरहेको छ त्यो पनि यस्तो कोरोनाको माहामारीमा । तर विविशासँग विवशता थियो ।

उहाँ भन्नुहुन्छ, 'आफ्नो घरपरिवार, समाज छाडेर कसलाई विदेश गएर श्रम गर्न मन लाग्छ तर मलाई बाध्यता थियो घरमा ऋणको भार थियो, भाइहरुलाई पढाउनु थियो घरव्यवहार पनि चलाउनु थियो त्यसैले म अब विदेश नगइकन यी सब समस्या एकैपटक समाधान हुँदैन भनि बुझेर नै विदेश जान तयार भएको थिए ।'

उहाँ सबै तयारीका साथ दुवई उड्नका लागि काठमाडौंको अन्तरराष्ट्रिय विमानस्थल पुग्नुभयो । त्यतिबेला कोरोनाको दोस्रो लकडाउन सुरु भइसकेको थियो । सोही लकडाउनका कारण अन्तराष्ट्रिय उडानहरु पनि बन्द भयो । उहाँ दुखी मन लिएर घर फर्किनुभयो । एकातिर कोरोनाको कहर, अर्कोतिर घरको आर्थिक अवस्थाको कहर । त्यसलै जीवन नै लथालिङ भएको जस्तो लाथ्यो विविशालाई । अब के गरौं छटपटि भएको थियो उहाँलाई ।

त्यति नै बेला रविन्द्र महतोको साइडबाट विहेको अफर आएको थियो । विविशा विहेको कुरा सुनेर झन झर्किनुभयो । जिन्दगी त्यतिकै बोझ भएको छ त्यसमा आमाले झन विहेको कुरा ल्याएपछि म निकै झर्केको थिए, गर्नु छैन मलाई विहे सिहे यहाँ मान्छेलाई अर्कै तनाव छ तपाईहरुलाई विहेको परेछ, विविशाले भन्नुभयो, 'म आमासँग यसैगरि झर्केर कुरा गरेको थिए म आमासँग मात्र होइन अरुसँग पनि यस्तै कुरा गर्न थालेका थिए, किनभने मलाई ठिक लागि रहेको थिएन । म आफ्नो आमा बुवा तथा परिवारका लागि केही गर्न चाहन्थे ।'

तैपनि विविशाले आमाले केटा राम्रो छ, सरकारी जागिर गर्छन्, काठमाडौंमा बस्छन् एकपटक कुरा गर्दैमा के जान्छ, एक पटक हेर्नु न कुरा गर्नु न भन्नुभयो । विविशाको इच्छा थिएन । उहाँ आफै केही गर्ने सोचमा हुनुहुन्थ्यो । अर्काको बोझ बन्न उहाँ चाहनु हुन्थेन । त्यो सरकारी जागिर र काठमाडौं बसाइसँग पनि विविशालाई मतलब थिएन तर विविशाका आमाबुवालाई छोरीको चिन्ता थियो ।

आमाबुवाले दबाव दिन छाड्नु भएन । फेरि रविन्द्रको साइडबाट पनि विविशासँग नै विहे गर्ने जोड थियो । त्यो कुराको म्यासेज विविशाका आमा कहाँ आइरहन्थ्यो । आमाबुवाले धेरै न कर गरेपछि विविशा पनि विवश भएर तपाईहरुलाई जे जे गर्न मन लाग्छ गर्नुस्, बोलाउनुस् हेर्नुस् भन्नुभएको थियो । तर त्यो भनाइमा हर्ष थिएन, पिडा र विवशता दुवै थियो ।



**विविशा र रविन्द्रको मिलन**

विविशा र रविन्द्रको मिलन पनि रोचक छ । रविन्द्रले विविशालाई इन्स्ट्राग्रामबाट मन पराउनु भएको हो । सुरुमा रविन्द्रको विहे विविशाका फुपुसँग हुने कुरा थियो । दुवै जनाको बिचमा लामै समयदेखि विहेको कुरा चलिरहेको थियो तर फाइनल भइरहेको थिएन । रविन्द्रले साइन्स अथवा कमर्श पढेको केटी खोजि रहनु भएको थियो । फुपु नेपाली लिएर आइएड पढ्नु भएको थियो । कुराकानी चल्दै थियो त्यतिकैमा फुपुको इन्ट्राग्राममा विविशाको फोटोमा रविन्द्रको ध्यान गयो । रविन्द्रलाई विविशाको फोटो मन पर्‍यो अर्थात विविशा मन पर्‍यो । त्यसपछि उहाँले विविशाको बारेमा चासो लिन थाल्नुभयो । सोधखोज गर्न थाल्नुभयो । रविन्द्रले त्यही फुपुबाट नै विविशाको घरमा विहेको लागि प्रस्ताव पठाउनुभयो ।

विविशाको घरमा रविन्द्रलाई सबैले मन पराएका थिए तर विविशा विहेको पक्षमा हुनुहुन्थेन । पछि एकपटक हेरी हालौं न त कुरा भएपछि रविन्द्रको घरबाट आफन्तहरु विविशाको घर पुगेका थिए । कोरोनाको कहर चलिरहेको थियो । कसो कसो महोत्तरीबाट रविन्द्र आफ्नो आमाबुवालाई लिएर विविशाको घरमा पुग्नुभयो ।

त्यसअघि नै विविशाका आमाले विहेमा एक रुपियाँ पनि दहेज नदिने तथा छोरी महोत्तरीमा नबस्ने शर्त राख्नुभएको थियो । त्यसको जवाफमा रविन्द्रले पहिला छोरी हेरौ कुराकानी गरौं त्यसपछि मात्र दहेज लिने कि नलिने कुरा हुन्छ । विविशाका आमाबुवालाई मधेशमा छोरीलाई विहे गर्ने मन थिएन । मधेशमा दहेजका कारण बुहारीलाई हत्या गर्ने, हिंसा गर्ने घटना भइरहेकाले त्यस्तो ठाउँमा विहे नगर्ने सोच थियो । कोशी कट्ने सोच नै थिएन उहाँहरुको । विविशाको चाहना पनि मधेशमा विहे नगर्ने नै थियो । तर रविन्द्र जागिरे तथा काठमाडौंमा बस्ने भएकाले मात्र रविन्द्रलाई आफ्नो छोरी दिन तयार हुनुभएको थियो ।

रविन्द्रका आफन्तहरु विराटनगरको रतुवा गएर विविशालाई हेरेका थिए । एक नजरमै सबैले मन पराएका थिए । त्यही दिन इगेंजमेन्ट पनि भएको थियो । कोरोनाको कारण यति टाढाबाट आउन जाउ गर्न गाह्रो हुने भएपछि एकदिनमै देखासुनी भएपछि सबै कुरा फाइनल गरिएको थियो । दहेज लेनदेनको कुरा भएन । विविशालाई पनि रविन्द्र मन परेको थियो । दुवै जनाले एक अर्कालाई मन पराएपछि त्यहाँ लेनादेनाको कुनै गुन्जाइस नै थिएन । किनभने विविशाको आमाले पहिला नै विहेमा कुनै पनि दहेज नदिने सर्त राख्नु भएको थियो । २०७८ बैशाखमा उहाँ दुवै जनाको विहे भयो ।

**टिकटकमा बन्देज**

विहेपछि विविशा आफ्नो श्रीमानसँग काठमाडौंमा नै बस्न थाल्नुभयो । महोत्तरीका गाउँमा बस्न मन लागेको थिएन । कारण थियो त्यहाँको रहन सहन, भेषभुषा । विविशालाई यी सबमा एड्जस्ट हुन गाह्रो भइरहेको थियो । महोत्तरीको घरमा बस्दा जेलमा बसेको जस्तो अनुभूती उहाँलाई भएको थियो । विविशा खुल्ला समाजमा हुर्किनु भएको, सोच र बुझाई त्यही अनुसारको थियो । त्यही भएर गाउँमा उहाँलाइ गाह्रो थियो । उहाँ त्यहाँ बस्न रुचाउनु भएन । श्रीमानसँग काठमाडौंमा बस्न थाल्नुभयो ।

रविन्द्र पनि टिकटकको फ्यान । विविशा आएपछि झन जोडी नै मिल्यो । पहिलादेखि टिकटकमा रुची राख्ने विविशा र रविन्द्रको जोडि मिल्ने भयो । विविशाले धमाधम टिकटक बनाउन थाल्नुभयो । त्यसमा रविन्द्रको पनि सहयोग थियो । स्क्रिप्ट नै रविन्द्रले लेख्नु हुन्थ्यो । विविशाले बनाएको टिकटक भाइरल हुन थाल्यो । महोत्तरीको घरसम्म पनि यो कुरा पुग्यो । बुहारी टिकटकमा नाच्छिन् भन्ने कुरा लगाउनेहरु पनि महोत्तरीको घरमा पुगे ।

विविशाका सासु आमा, ससुरा तथा परिवारका अन्य सदस्यलाई पनि कुरा लगाउनेहरु भए । त्यो कुरा विविशासम्म आइपुग्यो । बुहारीले यसरी समाजिक सञ्जालमा खुल्लेआमा आउनु राम्रो होइन, यो नाचगान ठिक होइन बन्द गर्नु पर्‍योसम्मको कुरा घरबाट आयो । विविशा टिकटकमा हुनुलाई राम्रो मानेको थिएन घरमा । दबाव आउन थालेपछि विविशाले पनि मोवाइलका सीमाहरु टोडेर फ्यालि दिए । रिस विविशालाई पनि उठेको थियो ।

विविशा भन्नुहुन्छ, 'मैले केही नराम्रो गरेको थिएन, टिकटकमा कस्ता कस्ता रफ गतिविधि भइरहेका छन्, त्यसमध्ये मेरो केही थिएन, समाजलाई पच्ने खालको घरपरिवारसँग बसेर हेर्न खालको टिकटकहरु बनाउथे । नराम्रो केही पनि थिएन । तैपनि गुनासो आयो । मैले रिसले सीम तोडेर फ्याले ।' एक डेढ महिना उहाँ टिकटकभन्दा टाढा रहनु भयो । त्यतिबेला उहाँ लाग्थ्यो कि आफ्नो जीवन यतिमा नै सकिने भयो । जीवनदेखि उहाँ निराश हुन थाल्नुभयो । यहीं कारणले मधेशमा विहे गर्न मन थिएन भन्नेसम्म सोच्नुभयो विविशाले । पछि श्रीमान रविन्द्र महतोले 'यस्तै हो तिम्रो बारेमा कसले के भन्छ त्यसमा ध्यान नदेउ । तिमी के गर्दैछौं त्यो हेर । तिमी ठिक छौं भने अरुले के भन्छ त्यसले केही मतलब राख्दैन म तिम्रो साथमा छु तिमीलाई के गर्न मन लाग्छ गर' भनेपछि विविशाले पुन: टिकटकमा बनाउन थाल्नुभयो ।

**प्रशंसा र अवसर**

जसले उहाँको विरोध गर्थे आज उसैले प्रशांसा पनि गर्छन् । जसले टिकटक चलाए पछि बुहारी बिग्रिन्छ भन्थे आज उसैले आफै टिकटक चलाउन थालेका छन् । महोत्तरीको घरमा विविशा र रविन्द्रको टिकटक सबैले हेर्छन् र तारिफ पनि गर्छन् । यहाँसम्म कि विविशा र रविन्द्रको टिकटक हेरेर घरका अन्य सदस्यले पनि टिकटक बनाउन थालेका छन् ।

विविशा र रविन्द्रको रीदम फोर यु टिकटक फ्लोअर एकलाख भन्दा बढी भइसकेका छन् । भ्युअर पनि लाखौमा छन् । तर विविशा र रविन्द्र भन्नुहुन्छ, 'हामी यो टिकटक पैसा कमाउनका लागि बनाइरहो छैनौ, समाजलाई परिवर्तन गर्नका लागि बनाएका हौं । हामी आफ्नो तर्फबाट समाजलाई कति परिवर्तन गर्न सक्छौं त्यो प्रयास हुनेछ । र यो प्लेटफर्म प्रयोग गरेर कलाकारिता वा अन्य क्षेत्रमा पनि जाने सोच रहेको छ ।'

उहाँहरु भन्नुहुन्छ, 'यो टिकटकले हामीलाई परिचय दिएको छ, मान्छेले चिन्न थालेको छ । मान्छेले खोज्न थालेको छ ।' विविशाले हालै एउटा छठ गीत रिलिज भएको छ । त्यसमा विविशाको पनि अभिनय रहेको छ । 'दउरा घाटे के लेजाई' गीतमा विविशालगायत अन्य कलाकारको अभिनय रहेको छ । यो गीतमा रविराज शाहको स्वर रहेको छ भने गीत उमालाल यादवले लेख्नु भएको छ । संगित रौशन सिंहले दिनुभएको छ । विविशा महतो भन्नुहुन्छ, 'म टिकटक चलाउन थालेपछिको यो पहिलो अवसर थियो र यसलाई मैले मिस गर्न चाहेको थिइन । रविजीबाट आफै अफर आयो मैले सहस्र स्विकार गरे ।' विविशाको तीन महिनाको छोरी स्याविसा छिन् । छोरीलाई काँखमा बोकेर भए पनि त्यो गीतका लागि जानुभयो । त्यसमा रविन्द्र महतोको पूर्ण सहयोग छ ।

रविन्द्र महतो भन्नुहुन्छ, 'उहाँ यसैमा आफ्नो क्यारियर बनाउन चाहनु भएको छ भने मेरो पूर्ण सहयोग रहने छ ।' तर रविन्द्रले ब्याकअप पनि राख्नुभएको छ । विविशालाई कानुनमा अध्ययन गराई रहनु भएको छ । चक्रबति हबी एजुकेशन एकेडेमी कलेज अफ लमा एलएलबीको अहिले थर्ड इयरमा हुनुहुन्छ । कलकारितामा जम्न सकिएन वा अवसर पाइएन भने वकिल बन्ने र त्यसलाई आफ्नो पेसा बनाउने सोच विविशा र उहाँको श्रीमान रविन्द्रको छ । एउटा भएन भने अर्को पेसा अपनाउने तर प्राथमिकता कलाकारितालाई नै हो । म्युजिक भिडियोदेखि लिएर मोडलिङ तथा विज्ञापनहरुका लागि पनि अवसर आयो भने त्यसमा काम गर्ने सोच विविशाको छ । विविशाको पढाइ लेखाइ पनि राम्रै छ । उहाँको काठमाडौंमा बस्नु हुन्छ । चाहनु भयो भने अरुतिर पनि अवसर खोजेर जानु हुन्छ तर उद्देश्य नै कलाकारिता क्षेत्रमा रहने भएपछि उहाँ त्यही अनुसार तयारी पनि गरिरहनु भएको छ । रतुवामाइको राष्ट्रिय निर्माण सेकेन्ड्री बोर्डिङ स्कुलबाट ए जीपीए ल्याएर २०७४ मा एसइइ पास गर्नुभएका विविशा प्लस टुमा पनि ए नै ल्याउनु भएको छ । कमर्श पढ्नु भएका विविशा अहिले बीएलमा अध्ययनरहत हुनुहुन्छ । विविशा भन्नुहुन्छ, 'विहेपछि पनि मलाई पढाउनु हुन्छ भने सर्तमा मैले विहे गरेको थिए, मलाई कमर्श पढ्ने इच्छा नै थियो, तर श्रीमानले ल पढ भन्नुभयो श्रीमानको इच्छा अनुसार ल पढिरहेको छु ।'

## समाचार

# अध्यादेशबाट तर्सेका दलहरु

प्रधानमन्त्री केपी शर्मा ओलीले राजनीतिक दल दर्ता सम्बन्धी अध्यादेश ल्याउने भनेपछि साना ठूला सबै दल त्रसित बनेका छन् । अध्यादेश ल्याउने भनेपछि यी दलहरुले संयुक्त रुपमा नै प्रधानमन्त्री विरुद्धमा आन्दोलन गर्ने चेतावनी दिएका छन् । विपक्षी दलमात्र होइन सत्ताधारी दलहरु पनि अध्यादेशबाट डराएका छन् ।

माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले कात्तिक २ गते विपक्ष दलको बैठक बोलाउनु भएको थियो । त्यो बैठकमा सत्ताधारी दल लोकतान्त्रिक पार्टीका अध्यक्ष महन्थ ठाकुर पनि पुग्नु भएको थियो । बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले ल्याउन लागेको अध्यादेशको बारेमा चर्चा हुँदा लोसपाका अध्यक्ष ठाकुरले भन्नुभएको थियो, 'म पार्टी र व्यक्तिगत हिसावले पीडित मान्छे हो । मेरो निर्वाचन क्षेत्र पनि पीडित नै छ । पार्टी फुट्ने फूटाउने विषयमा म झन् पीडित नै हो, म सत्ताधारी दलमा भएपछि अध्यादेशको निर्णयलाई स्विकार्दिन ।'

अध्यक्ष ठाकुरले राजनीतिक दल सम्बन्धी अध्यादेश आए आफ्नो दल पनि विभाजन हुने सक्ने आशंका व्यक्त गर्दै आफू सत्तापक्षमा भए पनि अध्यादेश ल्याउने कुरालाई विरोध गर्ने धारणा राख्नुभएको थियो । लोसपा नेपाल मात्र होइन, जसपा नेपाल, जनमत, जसपा, नागरिक उन्मुक्ति पार्टी, नेकपा (एस) यहाँसम्म कि माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड पनि तर्सिनु भएको छ ।

एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले राजनीतिक दल दर्ता सम्बन्धी अध्यादेश ल्याएर आफ्नो पार्टी पनि फुटाउन लागेको भनि अध्यक्ष प्रचण्डले कात्तिक १० गते आयोजना गरेको खबरदारी सभामा बोल्नु भएको थियो । प्रधानमन्त्री ओलीले दुई दलीय प्रणालीका लागि काँग्रेससँग गठबन्धन गरेको कारण अध्यादेश ल्याएपछि कुन दल विभाजन हुन्छ भनि निश्चित छैन तर हरेक दलका शीर्ष नेताहरु डराएका छन् ।

जसपा नेपालका महासचिव रामकुमार शर्माले ओली सरकारले पहिचानका लागि बनेका दलहरुलाई समाप्त गर्न जुनसुकै उपाय अपनाउन सकिन्छ त्यसैको लागि अध्यादेश ल्याइ रहेको आरोप लगाउनुभयो । त्यस्तै अवस्था लोसपा नेपालको पनि रहेको छ । त्यो दलका नेताहरुले आफ्नो पार्टी विभाजनको कुनै सम्भावना छैन तर अध्यादेश ल्याउनु लोकतन्त्रका लागि ठिक नभएको टिप्पणी गर्नुभएको छ । जसपा नेपालमा अझै आन्तरिक असन्तुष्टि साम्य भएको छैन । महाधिवेशनपछि बनेको कार्यसमितिप्रति अझै नेताहरु असन्तुष्टि जनाइ रहेका छन् । यस्तो अवस्थामा नेताहरुले पुनः पार्टी विभाजन गर्न सक्छ कि भनि पार्टीभित्र आशंका रहेको छ ।

लोसपा नेपालमा पनि सरकारको विषयलाई लिएर नेताहरुको असन्तुष्टि खुलेर बाहिर आएको थियो । पार्टीका सहअध्यक्ष सर्वेन्द्रनाथ शुक्लाले पार्टीमा विद्रोह गर्ने चेतावनी दिनुभएको थियो । जनमत पार्टीभित्र पनि व्यापक असन्तुष्टि छ । मधेश सरकारको नेतृत्व गरेपनि जनमत पार्टी केन्द्र सरकारमा सहभागी नभएको विषयमा पार्टीभित्र असन्तुष्टि रहेको छ । एमालेका अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओली माधवकुमार नेपाल नेतृत्वको नेकपा (एस)को पछि नै लागेका छन् ।

पार्टी विभाजन गरेर हुन्छ कि के गरेर हुन्छ त्यो दललाई समाप्त गर्ने वा एमालेमा मिलाउने प्रधानमन्त्री ओलीको दाव रहेको छ । कतिपयले त यो अध्यादेश नेकपा (एस) विभाजन गर्नका लागि नै ल्याइ रहेको पनि भन्ने गरेका छन् । नागरिक उन्मुक्ति पार्टी भित्र श्रीमान-श्रीमतीको झगडाले पार्टी छिन्नभिन्न भएको छ । अहिले आएर उहाँहरु आफू मिलेको भनेपनि पार्टीभित्र आन्तरिक विवाद समाधान भएको छैन । पार्टीभित्र देखिएको असन्तुष्टि र विवादका कारण जुनसुकै बेला पनि विभाजन हुनसक्ने आँकलन भइरहेको छ ।

# चाडपर्वमाथि राज्यको..

मधेशका झिझिया, जाटजटिन, समाचकेवा, झुमरी, सखिया, कीर्तनिया, भगता, झरनी, होरीजस्ता माटोका पर्वमा पहाडे झ्याउरे नृत्यले अतिक्रमण गर्न थाल्यो । होलीको ठाउँमा देउसी भैलोको अतिक्रमण भयो । अनि जितिया पावनको ठाउँमा तिजको अतिक्रमण भयो । यसरी पञ्चायतअघि र त्यसपछिका सरकारले पनि भाषणमा जे भने पनि पहिचानको भूषणमा त्यो प्रतिविम्बित भएन । एक भाषा एक भेषको नीतिले मधेशमाथि शासन जमाइरह्यो । आधिपत्य विस्तार गरिरह्यो ।

पहिचानको राजनीति अहिले नेपाली राजनीतिको केन्द्रमा छ । पहिचान स्थापित गर्न खोज्ने र विस्थापित गर्न खोज्नेहरूको संघर्ष जारी छ । संसारभरका पिंधमा रहेका तप्काले आफ्नो पहिचानको हक खोज्छ । शासन-प्रशासनमा आफ्नो दमित र उत्पीडित अनुहार खोज्छ । आफ्नो पहिचान प्रतिविम्बित होस् भनेर अपेक्षा राख्छ । त्यसका लागि आन्दोलित हुन्छ । यसलाई जातीय राजनीति भनिँदैन । यो त सहअस्तित्वको राजनीति हो ।

विश्व साम्राज्यवादको औपनिवेशिककालको अन्त्यसँगै संसारमा चलेका पहिचानको राजनीतिको लहर अहिलेसम्म गतिवान् छ । उपनिवेश बन्न बाध्य भएका देशहरूमा उपनिवेशको अन्त्यसँगै त्यहाँका जनताले आफ्नो पहिचान खोजे । त्यस समयमा सम्बन्धित राज्यले उपनिवेशवादीहरूकै पदचाप पछ्याउन खोज्ने देशहरू टुक्रिएर फरक राज्य पनि बन्न पुगे । जुन देश उपनिवेश बन्न परेन, त्यहाँको राज्यसत्तामा कुनै खास एक जाति, वर्ग, लिङ्गको मात्रै आधिपत्य रह्यो । अन्य जाति, समुदाय, लिङ्ग, क्षेत्र र राज्यको मूल प्रवाहबाट पाखा लागे । यो अवस्थालाई आन्तरिक उपनिवेश भनियो । आन्तरिक उपनिवेशमा परेकाहरू राज्यमा आफ्नो उपस्थिति खोज्न थाले । आफ्नो अनुहार राज्यभन्दा फरक भएको राज्यले स्वीकार गर्नुपर्ने, आफ्नो इतिहास, भूगोल, र संस्कृति राज्यले स्वीकार गर्नुपर्ने माग उनीहरूले राखे ।

राज्यले अटेर गरेपछि उनीहरूमा संघर्षको आँधी हुर्कियो । विष्फोट भयो । त्यो आन्दोलन नै अहिलेको पहिचानको आन्दोलन हो । अहिलेको राज्य पहिचानको 'प' पनि सुन्न चाहिरहेको छैन । तर यो आन्दोलन नै अहिलेको अवस्थामा उत्पीडनबाट मुक्त हुने मार्ग हो । आन्तरिक औपनिवेशको भासमा जाकिनुभन्दा त्यसबाट मुक्त हुन लडाईं लड्नु नै श्रेयस्कर हो । सदियौंदेखि पहिचानको संघर्षलाई यहाँका शासक वर्गले गलत व्याख्या गरिरहेका छन् । नश्लीय चिन्तनको विरासतमा हुर्किएका र त्यसैको सोपानमा सत्ताको उपरी संरचनामा पुगेकाहरू पिँधका समुदायलाई आन्तरिक उपनिवेशको दुष्चक्रमा पारिरहन्छन् । त्यसैको आडमा शोषण गर्न चाहन्छन् । मूलवासी र भूमिपुत्रको आदिकालदेखि चलेको सभ्यता, त्यस सभ्यताको जगमा सुसंस्कृत बन्दै आएको संस्कृति र यसैको विरासतमा फैलिएको भूगोललाई तिरस्कार गरेर आफ्नो आधिपत्य स्थापित गर्न चाहन्छन् ।

राज्यमा सबैको अपनत्व बोध गराउने संघर्षको चुरोलाई विषयान्तर गरेर पहिचानको आन्दोलनलाई विखन्डनकारीको संज्ञा दिँदै सामाजिक विद्वेषको बिजारोपण गरिरहेका छन् । आफ्नै जातीय सत्ता लादेर शासन सत्तामा अरुलाई ढिम्किन पनि नदिनेहरूले उल्टै पहिचानवादीलाई विग्रह र जातीय विद्वेषकारीको उपमा दिइरहेका छन् । उनीहरूविरुद्ध विष ओकलिरहेका छन् । नश्लीय सरकारलाई हामी उसको अहंकारबाट ओराल्न चाहिरहेका छौं । शासन-सत्ताको मूल प्रवाहीकरणमा छुटेका कोटी अनुहार देखाएर सिंहदरबारमा उनीहरूको हक स्थापित गराउने अभियानमा छौं ।

अब काठमाडौंको सत्ताले शासनमा आफ्नो आधिपत्य कायम राखि राख्ने चिन्तनबाट बाहिर आओस् । बहुपहिचानलाई यथाशक्य चाँडो सम्मान गरोस् । मुलुकलाई सबै जातको माला ठान्ने राज्य सत्ताले हरेक थुंगालाई सम्मान गरोस् । हरेक फूलको थुंगाको अस्तित्व स्वीकार गरोस् ।

*(राजेन्द्र महतोद्वारा लेखिएको पाइन प्रकाशनद्वारा प्रकाशित अधुरा क्रान्ति पुस्तकबाट सभार)*








**आँप/ केरा पकाउन कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग नगर्ने सम्वन्धी सूचना**

*सूचना प्रकाशित मिति : २०८१/०२/३२*


खाद्य नियमावली, २०२७ को नियम १९ (घ) बमोजिम कार्वाइड (एसिटिलिन ग्याँस) को प्रयोग गरि कृत्रिम रुपमा फलफूल पकाउन तथा बिक्री वितरण गर्न निषेध गरिएको व्यहोरा सम्पूर्ण फलफूल आयातकर्ता, भण्डार तथा बिक्री वितरणमा सम्लग्न व्यवसायीलाई जानकारीका लागि सूचित गरिन्छ ।

आँप/ केरा लगायतका फलफूल खरिद गर्दा कार्टुन वा क्रेटमा माथि उल्लेखित केमिकल राखिएको देखिएमा त्यस्ता फलफूल खरिद नगर्न र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वा मातहतका कार्यालयमा जानकारी गराइदिनुहुन अनुरोध छ। साथै फलफूल उपभोग गर्दा सफा पानीले राम्ररी पखालेर मात्र उपभोग गर्नुहुन अनुरोध छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**
बबरमहल, काठमाडौं।
www.dftqc.gov.np, Email: info@dftqc.gov.np
०१-५३६२४३०, ०१-५३६२३६९



# विमल जसले हरमुनियममा बनाए ‘वर्ल्ड रेकर्ड’




हरमुनियममा वर्ल्डबुक अफ रेकर्ड बनाउन सफल सर्लाही इश्वरपुरका बिमल साहको अहिले चौतर्फी चर्चा भइरहेको छ। हरमुनियम बिग्रदा सम्झिने पहिलो व्यक्ति विमल हुनुहुन्छ। उहाँलाई हरमुनियमको डाक्टरको रुपमा पनि चिनिन्छ। उहाँले थुप्रै व्यक्तिलाई जो कलाको क्षेत्रमा हस्ती मानिन्छ ती व्यक्तिहरुलाई उहाँले हरमुनियन सिकाउनु भएको छ। शम्भुजीत बाँस्कोटा, दीप श्रेष्ठ, कुन्ती मोक्तान, टीका भण्डारी, रामकृष्ण ढकाल, मनोजराज, सन्तोष श्रेष्ठ, शिव परियार, राजेश पायल राई, अन्जु पन्त, प्रमोद खरेल, विश्व नेपाली, राज सिग्देललगायत नेपालमा चर्चित गायक गायिकाले विमलबाट हार्मोनियममा ट्युनिङ गराएका छन्।

यहाँसम्म कि संगित प्रशिक्षणमा नेपालमै सर्वाधिक चर्चित चन्दनकुमार श्रेष्ठ, गुरुदेव कामत, चण्डीप्रसाद काफ्लेले समेत उनीसँग हार्मोनिङ ट्युनिङ गराउँदै आइरहेकोमा बलिउडतिर भने उदितनारायण, दीपानारायण, सोनु निगम, कुमार सानु र अनु मलिक लगायतको हार्मोनिम ट्युनिङ गरिदिएको अनुभव उहाँसँग छ। उनले भोजपुरीका चर्चित गायक तथा अभिनेता पवन सिंह, दिनेशलाल यादव, अवधेश प्रेमी लगायतका हार्मोनियमसमेत मर्मत गराइसक्नु भएको छ। वर्ल्ड बुक अफ रेक्डर्स, लन्डनद्वारा हार्मोनियमको डिजिटल टयुनिङ्ग गर्ने संसारकै पहिलो व्यक्तिको रुपमा सम्मानित हुनुभएको छ। उहाँ वर्ल्ड रेकर्डमा दर्ज गराई सकेपछि अहिले उहाँलाई नेपालमा विभिन्न संघ संस्था तथा दलहरुले सम्मान गरिरहेका छन्। उहाँले नेपालमा हार्मोनियमको क्षेत्रमा विगत लामो समयदेखि काम गर्दै आउनु भएको छ। उहाँको आफ्नै विमल नामको हार्मोनियम ब्रान्ड समेत छ।

मेहनत गरे सबै सम्भव छ र व्यक्तिलाई महान बनाउछ भन्ने चरितार्थ गर्ने विमल काठमाण्डौंमा एउटा सानो हार्मोनियम मर्मत पसल खोल्नु भएको थियो। २०७३ मा ३० हजार लगानीमा पशुपतीनाथको नामबाट हारमुनियम बिक्रि तथा मर्मत पसल खोल्नु भएका विमलसँग हाल हारमुनियम बनाउन कम्तिमा एक महिना पर्खिनुपर्ने हुन्छ। हार्मोनियम सफा गर्ने, पेच कस्नेबाट काम सुरु गर्नुभएका विमल हार्मोनियममा डिजिटल ट्युनिङ गर्दै विश्व किर्तिमान रच्न सफल हुनुभएको छ। हार्मोनियम सुनेर सुर, बेसुर छुट्याउँने र सुर लगाउने काम समेत गर्दै आउनुभएको थियो।

## ओलीसँग माफी...

मधेश प्रदेशको सरकार परिवर्तन हुने कुरा त्यहाँका मुख्यमन्त्रीदेखि मन्त्री तथा कर्मचारीसम्म सबैलाई थाह भइसकेको थियो। जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव जनकपुर पुगेर त्यसको आन्तरिक तयारीमा पनि जुटिसक्नुभएको थियो।


कात्तिक ९ गते बालुवाटारमा बसेको बैठकमा प्रधानमन्त्री ओलीले सिके राउतलाई झपार्नुभएको थियो। सत्ताधारी दल भएर विपक्षी जस्तो व्यवहार देखाउनु छ भने विपक्षमै बस्नुस् भन्दै प्रधानमन्त्री ओलीले त्यसका लागि आफ्नोबाट हरेक प्रकारको. सहयोग हुने कुरा भन्नुभएको थियो। त्यो बैठकमा सत्ताधारी दलका सबै दल तथा नेताहरुको उपस्थिति थियो। प्रधानमन्त्री ओलीले सिके राउतलाई मात्र होइन यसअघि विपक्षी दलको बैठकमा जानु भएका लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरलाई पनि फोन गरेर झपाडेको स्रोतले दावी गरेको छ।

रवि लामिछाने पक्राउअघि कात्तिक २ गते नै माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले बोलाउनु भएको विपक्षी दलको बैठकमा सत्ताधारी दल लोसपाका अध्यक्ष महन्थ ठाकुर पनि उपस्थित हुनु भएको थियो। त्यसरी बैठकमा सहभागी भएपछि सत्ताधारी दलहरुको बिचमा हलचल नै ल्याएको थियो। प्रधानमन्त्री ओलीले अध्यक्ष ठाकुरलाई फोन गरेर बैठकमा सहभागी भएको बारेमा जानकारी लिँदै बैठकहरुमा जाँदा सचेत रहन आग्रह गरेका थिए। त्यस्तै व्यवहार सिके राउतसँग पनि भयो। कात्तिक ९ गते सत्ताधारी दलको बैठक सकेपछि सिके राउतले प्रधानामन्त्री ओलीसँग भेटका लागि समय माग गर्नुभएको थियो। कात्तिक १० गते प्रधानमन्त्री ओलीसँग एक्लै भेटेर यी सबै कुराको सल्टाउनु भएको थियो। स्रोत भन्छ, ‘प्रधानमन्त्री ओलीसँग सिके राउतले माफी नै माग्नुभयो, हामीबाट अब यस्तो कहिले हुँदैन भन्दै माफी माग्नु भएको थियो।’ यसरी माफी मागेर अध्यक्ष राउतले जोगाउनु भएको थियो आफ्नो पार्टी नेतृत्वको सरकार। अहिले अध्यक्ष राउतले सरकारको विपक्षमा बोल्न छाड्नु भएको छ।

## राजेन्द्र महतोलाई...

राष्ट्रिय मुक्ति क्रान्ति अभियानको ब्यानरमा राजेन्द्र महतोले सडक आन्दोलन गर्नुभाये त्यस पछि निर्वाचन आयोगमा पार्टी दर्ताको बेला क्रन्ति शब्दप्रति निर्वाचन आयोगले आपति जनाएर हटाइ दियो, नेता यादव भन्नुहुन्छ, ‘भोलीको दिनमा महतोलाई दिनेश थपलिया भन्न सक्छ दाढी कटाई र धोती घरमा राखेर आउनु नेपाली ड्रेस वा टाई सुटमा आउनु के गर्ने ? मान्दै जाने हो।’ उहाँले भन्नुभयो, ‘आयोगको यो रवैयाप्रति राजेन्द्र महतोले केही समय संघर्ष गर्नुपर्थ्यो पार्टी दर्ता गराउन उहाँलाई के हतार थियो २०८४ आउन त अझै धेरै बाँकी छ।’

# रविराजको ‘दाउरा घाटे के लेजाई’




नेपालका चिर्चित गायक रविराज शाहले यसपटकको छठका लागि पनि नयाँ गीत सार्वजनक गर्नुभएको छ। ‘दाउरा घाटे के लेजाई’ बोलको गीतमा पत्रकार एवं टिकटक स्टार सीमा शर्मा, अर्का टिकटक स्टार विविशा महतो, ममता मण्डललगायतको जोरदार अभिनय रहेको छ। गीतमा रविराजले स्वर दिनुभएको छ भने उमालाल यादवले गीत लेख्नुभएको छ। संगित रौशन सिंहको रहेको छ। गीतका लागि गरिएको अभिनयको निर्देशन राजिव समर र भिडियो सम्पादन देवेन्द्र कुशवाहाले गर्नुभएको छ। भिडियो सम्पादन गरेको कुशवाहाले यसअघि भोजपुरी, हिन्दी, नेपाली सहित विभिन्न भाषाका चर्चित गीतहरुको सम्पादन गर्नुभएको छ।

‘छठ पर्व सन्तान प्राप्ती, सन्तानको दीर्घायुका लागि गर्ने गरिन्छ। सोही विषय वस्तुलाई यो गीतमार्फत एउटा निसन्तान आमाको पीडा र बेदना देखाइएको गायक शाले बताउनुभयो। गीतको अन्त्यमा छठी मातामाथि विश्वास र पुजा गर्नेलाई सन्तान प्राप्ती हुन्छ भने मान्यतालाई स्थापित गरेको बताउँदै उहाँले यो गीत लोकलयमा आधारित रहेको बताउनुभयो।

तराई मधेश, बिहार, यूपी लगायतका ठाउँमा निसन्तान महिलालाई विभिन्न तानाबाना दिने गरेको र बाझिन भनेर मानसिक एवं सामाजिक तनाव दिने गरिएको बताउँदै उहाँले सोही विषयलाई गीतमा समेट्ने प्रयास गरिएको बताउनुभयो। रवि राजले अघिल्लो छठमा गाउनु भएको ‘कवना घाटे आवना जाउना, कवना घाट सजाउना हे’ निकै चर्चित भएको थियो।

शुभ दीपावली

धनकी देवी लक्ष्मी पुजा तथा महान छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु भाइ तथा दिदी वहिनी, शिक्षाप्रेमीमा हार्दिक मंगलमय शुभकामना गर्दछौं।

‘प्राविधिक शिक्षामा जोड दिऔं, दक्ष जनशक्ति तयार गरौं’



ई.धनोजकुमार यादव
शिक्षालय प्रमुख,
जय किसान बहुप्राविधिक शिक्षालय
मधेश प्रदेश, रौतहट
देवाही गोनाही नगरपालिका वडा नम्बर-९ धरहरी
सम्पर्कः ९८५५०४४५२९, इमेलः jkpctevt@gmail.com
वेभसाइटः jkp.edu.np

शुभ दीपावली

शुभदीपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण देशवासी नेपाली दाजु भाइ तथा दिदी वहिनीमा हार्दिक शुभकामना व्यक्त गर्दछु।



यहाँ सबै किसिमको कल्चर दक्ष, अनुभवी जनशक्तिद्वारा पूर्ण विश्वासनीयताका साथ जाँच गरिन्छ।

विजयकुमार यादव, प्रमुख
एल.आर.एल. हेल्थ केयर
मधेश प्रदेश सिरहा, लहान-३ (अस्पताल चौक)
सम्पर्कः ०३३-५६०४६७, ९८१९७००९०५, ९८०१५१३६८९

प्रोफाइल



# कक्षा कोठाबाट बाहिरको समाज नियाल्ने पारस

एमएससी सकाएपछि उहाँ जागिरको खोजीमा लाग्नु भएको थियो । तर उहाँले जागिरका लागि धेरै कुर्नु परेन । ठाकुरराम क्याम्पसमा केमेस्ट्री उपप्रध्यापकको आवश्यकता थियो । उहाँ त्यहाँ अस्थायी उपप्रध्यापकको रुपमा काम गर्न थाल्नुभयो । क्याम्पस प्रमुख डा.रामदेव तिवारी हुनुहुन्थ्यो

प्रायः साइन्स पढेका मान्छे समाजबाट अलग हुन्छ । पढाइको बोझ र अध्ययन अनुसन्धानमा यसरी डुबिसकेका हुन्छन् कि समाजबाट अलग भइसकेका हुन्छन् । यहाँसम्म कि कतिपयले घरपरिवार, आफन्तबाट पनि टाढा भइसकेका हुन्छन् । साइन्स पढेकाहरु पागल हुन्छन् भन्ने पनि गरिन्छ । तर साइन्समै पिएचडीसम्म अध्ययन गर्नुभएका सिरहा हकपाडाका डा.पारसनाथ यादव अरुभन्दा फरक हुनुहुन्छ ।

बुवा उतिमलाल यादव र आमा दुखनी देवी यादवको जेठो छोरा ६० वर्षीय पारस यादव अहिले पनि अध्ययन अनुसन्धानमा लाग्नु भएको छ । अध्ययन अनुसन्धान मात्र होइन, उहाँले समाज र देशका लागि केही गर्ने हुटहुटी पनि राख्नु भएको छ । त्रिभुवन विश्व विद्यालयको पाठ्यक्रम विकास केन्द्रको कार्यकारी निर्देशक भए पनि उहाँ अध्यापन र अध्ययन अनुसन्धानको काम छाड्नु भएको छैन । २०४८ सालदेखि निरन्तर साइन्समा केमस्ट्री विषय अध्यापन गराउँदै आउनु भएका पारस आफ्नो कामबाट कहिले विश्राम लिनुभएन । यो उमेरमा पनि केही गरौं भनि सोचका साथ केही नकेही अध्ययन अनुसन्धान गरि नै रहनु हुन्छ ।

साउथ एसियन युनिभर्सिटीसँग मिलेर एन्टी क्यान्सर ड्रग्सको रिसर्चमा काम गरिरहनु भएका उहाँ कुनै न कुनै दिन यो ड्रग्सको रुपमा आउने विश्वासमा हुनुहुन्छ । उहाँ भन्नुभयो, 'यसमा म सहितको टिम लागेको छ, अध्ययन भइरहेको छ, मलाई विश्वास छ कि एक दिन औषधी बनेर आउँछ जो मानव जातिको कल्याणमा काम लाग्छ ।' उहाँ साइन्सको ल्याबमा मात्र होइन सोशल ल्याबमा पनि समाजिक, राजिनीतिक, आर्थिक विषयवस्तुमा अध्ययन गरिरहनु हुन्छ । उहाँका विभिन्न अनुसन्धानमुलक लेखहरु विभिन्न राष्ट्रिय दैनिक पत्रिकाहरुका प्रकाशित भएका छन् । र, उहाँ भन्नुहुन्छ, 'समाजलाई चिनाउन र त्यसलाई परिवर्तन गर्न यसलाई निरन्तरता दिन्छु ।'

**पढाइमा जहिले अब्बल**

चार कक्षादेखि घर छाड्नु भएका पारस यादवको अधिकाँश दिन कक्षा कोठामा नै बित्यो । तीन कक्षासम्म गाउँकै प्राविमा पढ्नु भएका पारस यादव चार कक्षामा पढ्नका लागि सिरहा जानु भयो । सिरहाको चमाविमा होस्टलमा रहेर चारदेखि सात कक्षासम्म पढ्नु भयो । चमाविमा व्यवसायिक शिक्षा पढाइ हुने भएपछि उहाँ गणित पढ्नका लागि सिरहाको माडर जानुभयो । कक्षा ८ देखि १० सम्म त्यहाँ पढाइ गर्नुभयो । पारस यादव माडरमा पनि होस्टलमा नै बस्नु भएको थियो ।

२०३७ मा फर्स्ट डिभिजनबाट एलएलसी पास गर्नुभएका पारस उच्च शिक्षा अध्ययनका लागि काठमाडौँ आउनुभयो । उहाँले साइन्स पढ्नका लागि अस्कल, त्रिचन्द्रलगायतका कलेजमा नाम निकाल्नु भएको थियो भने पुल्चोक इन्जिनियरिङ कलेजमा पनि इन्जिनियरिङमा उहाँको नाम निस्केको थियो । त्यतिबेला इन्ट्रान्स दिनु पर्दैन्थ्यो । सर्टिफिकेट पेस गरेपछि त्यसको आधारमा नाम प्रकाशित हुन्थ्यो । उहाँ जहाँ जहाँ फर्म भर्नु भएको थियो सबै ठाउँमा नाम निस्केको थियो तर घरायसी कारणले उहाँ काठमाडौंमा पढ्न पाउनु भएन ।

पढाईमा सानैदेखि अब्बल पारस यादवलाई साइन्स नै पढ्नु थियो । साइन्स पढेर के गर्ने, केमा काम लाग्छ त्यतिबेला उहाँलाई केही थाह थिएन । गाउँघरमा त्यतिबेला साइन्स पढ्नेलाई ठूलो मानिन्थ्यो, राम्रो मानिन्थ्यो त्यही भएर उहाँलाई साइन्स नै पढ्ने सोच आएको थियो । काठमाडौं पढ्न नपाएपछि उहाँ जनकपुर फर्किनुभयो । जनकपुरबाट उहाँ आइएससी, बीएससी फर्स्ट डिभिजनमा पास गर्नुभयो । २०४४ मा बीएससी पास गरेर एमएससी पढ्नका लागि काठमाडौँ आउनु भएको थियो ।

पारस भन्नुहुन्छ, 'त्यतिबेला एमएससी पढाइ हुने क्याम्पस तराई मधेशमा थिएन, त्यही भएर घरपरिवार पनि बाध्य भएर काठमाडौँ पठाउनु भएको थियो । उहाँ काठमाडौँ आएर त्रिविमा एमएससीको पढाई सुरु गर्नुभयो । उहाँ त्रिविको होस्टलमा बस्नु भएको थियो । उहाँ २०४६ सालमा एमएससी पास गरिसक्नु भएको थियो । त्यतिबेला देशमा बहुदल व्यवस्थाको आन्दोलन चलिरहेको थियो । देशमा राजनीति परिवर्तनको लागि उथल पुथल भइरहेको थियो । चुनावको तयारी चलिरहेको थियो । विद्यार्थीको रुपमा आन्दोलनलाई समर्थन गर्नुभएको थियो तर आन्दोलनको भिडको हिस्सा उहाँ कहिले बन्नुभएन । तर त्यसको तयारीमा विद्यार्थीलाई उहाँले सधैं साथ दिनुभयो ।

स्कलरसीप पाएर उहाँले ग्रीसबाट पीएचडी गर्नुभएको छ । ग्रीसको लोनिना विश्वविद्यालयबाट २०५९ मा (साइन्थेसिस एण्ड क्यारेक्टराइजेशन अफ प्लाडियम कम्पलेक्सेज अफ थाइजमाइक्रोबाजोन) कोर्डिनेशन केमस्ट्रीमा पीएचडी सकाएर नेपाल फर्किनु भएको थियो । पीएचडी सकाएर पनि उहाँले आफ्नो अध्ययनलाई विश्राम दिनुभएन । जागिरका साथै क्यानाडाको एकाडिया युनिभर्सिटीबाट दुई वर्ष र ताइवानको एकाडेमिया युनिभर्सिटीबाट साढे तीन महिनाको फेलोसीपमा पोस्ट डेकोरेट गर्नुभयो ।

**जागिर**

एमएससी सकाएपछि उहाँ जागिरको खोजीमा लाग्नु भएको थियो । तर उहाँले जागिरका लागि धेरै कुर्नु परेन । ठाकुरराम क्याम्पसमा केमेस्टरी उपप्रध्यापकको आवश्यकता थियो । उहाँ त्यहाँ अस्थायी उपप्रध्यापकको रुपमा काम गर्न थाल्नुभयो । क्याम्पस प्रमुख डा.रामदेव तिवारी हुनुहुन्थ्यो । पारस यादवलाई उहाँको राम्रो सहयोग थियो । पारस यादव भन्नुहुन्छ, 'उहाँ निकै सकारात्मक सोचका व्यक्तित्व हुनुहुन्थ्यो ।' एमएससी सकाएपछि मात्र पारसले जागिर पाउनु भयो भने होइन । उहाँ आइएससी पास गरेपछि नै उहाँलाई विभिन्न स्कूलले अफर गरेका थिए । बीएससी पढेपछि त झन उहाँको डिमाण्ड नै बढेको थियो तर उहाँ जागिर गर्ने सोचमा हुनुहुन्थेन ।

आफ्नो इच्छा अनुसार पढाइ सकाएपछि मात्र जागिर गर्ने सोचमा उहाँ हुनुहुन्थ्यो । उहाँले एमएससी सकाएपछि मात्र जागिर गर्ने सोच बनाउनु भएको थियो । त्यही भएर त्यतिबेला जति अफर आए पनि जागिरतिर उहाँले कुनै ध्यान दिनुभएन । उहाँ भन्नुहुन्छ, 'मलाई त्यतिबेला जागिरको आवश्यकता नै थिएन, पढाइ खर्च घरबाट पुगिरहेको थियो, घरमा मेरो कमाइप्रति कसैले आश पनि गरेका थिएनन् अर्थात मेरो घरको आर्थिक अवस्था ठिकठाक थियो । त्यही भएर जागिरको लागि मलाई हतार थिएन ।'

वीरगञ्जको ठाकुरराम क्याम्पसमा जागिरे हुँदा उदयपुर सिमेन्ट उद्योगमा जागिरका लागि विज्ञापन निस्केको थियो । त्यसमा उहाँले फर्म भर्नु भएको थियो । उहाँको नाम वैकल्पिकमा निस्केको थियो । जागिरमा नियुक्ति पाएका व्यक्ति ६ महिना नपुग्दै छाडेर जानुभएको थियो । त्यो ठाउँमा पारस यादवलाई नियुक्त गर्नुपर्ने थियो तर त्यहाँ पुनः विज्ञापन गर्‍यो ।

पारस यादव भन्नुहुन्छ, 'नयाँ नियुक्ति पाएकाहरुमध्ये समय अवधिभन्दा पहिले कसैले जागिर छाडे भने वैकल्पिकमा नाम निकालेले सो ठाउँमा नियुक्ति पाउने प्रावधान छ, यदि वैकल्पिक उम्मेदवारले नियुक्ति लिएन भने मात्र पुनः विज्ञापन गर्न मिल्छ तर मेरो हकमा त्यस्तो भएको थिएन । मलाई नियुक्ति नदिएर पुनः विज्ञापन गरेको थियो । त्यसमा पनि ममाथि षड्यन्त्र भयो मेरो योग्यतासँग नमिल्ने विषय राखेर विज्ञापन गरेको थियो तैपनि मैले फर्म भरेको थिए तर सुरुमै मेरो फर्म रिजेक्ट गरेको थियो ।'

स्कूल जीवनदेखि आफूले सामाजिक, जातीय तथ वर्गीय विभेद भोग्दै आएको बताउँदै पारस यादवले भन्नुभयो, 'म सधैं क्लास रुममै भए पनि समाजसँग लिंकअप भइरह्यो, स्कूल कलेजमा सोशल रियाक्सनहरु देखिन्थ्यो त्यसले नै समाजलाई बुझ्ने मौका दियो ।' जबसम्म कसैले कुनै कुरा प्रत्यक्ष भोगिदैन तबसम्म त्यसको महत्व र पिडा थाह हुँदैन । आफू साइन्सको विद्यार्थी भए पनि व्यवहारमा सोसल साइन्सको अनुभूती हरहमेसा गरेको बताउँदै उहाँले भन्नुभयो, 'यतिबेला मलाई लाग्छ कि केमेस्ट्रीको विज्ञ होइन, सामाजिक विज्ञ बन्नुपर्थ्यो समाजको बेथितीको बारेमा बोल्नु पर्थ्यो ।'

आफू विद्यार्थीकालदेखि जागिर खाँदासम्म विभिन्न विभेदको सिकार भएको बताउँदै उहाँले त्यसको सामना गर्दै यहाँसम्म आइ पुगेको बताउनुभयो । कलेजहरु विभिन्न नाममा विद्यार्थीलाई गर्ने एक्सफेल्डको विरुद्धमा उहाँले त अभियान नै चलाउनु भएको थियो । खासगरि मधेशका विद्यार्थीलाई जानी जानी एक्सपेल्ड गरेको उहाँको गुनासो छ । सामाजिक, जातीय, वर्गीय विभेदको शिकार हरहमेशा भइरहे । उच्च जातीले साना जातीलाई होच्याउन, डोमिनेट गरेको कुरा आफूले थुप्रै पटक देखेको भोगेको बताउँदै पारस यादवले राजनीतिक परिवर्तन भएर मात्र हुँदैन सामाजिक परिवर्तन पनि आवश्यक रहेको बताउनुभयो ।

ठाकुरराम क्याम्पस विरगञ्जमा करिब चार वर्षसम्म पढाउनुभयो । २०५२ तिर त्रिविमा स्थायीमा सहप्रध्यापकको लागि विज्ञापन निस्केको थियो । छ वटा सीट माग गरेको सो विज्ञापन पारस यादवले पनि भर्नु भएको थियो । उहाँको नाम दोस्रो नम्बरमा निस्कियो । स्थायी भएपछि उहाँ एक वर्ष पढाउनुभयो । त्यसपछि स्कलरसीपमा पीएचडीका लागि ग्रीस जानुभएको थियो । पीएचडी सकाएर नेपाल फर्केपछि उहाँको पोस्टिङ पुनः ठाकुरराम क्याम्पस वीरगञ्मा नै भयो । त्यहाँ उहाँले २०५४ सम्म पढाउनुभयो ।

त्यहाँबाट काठमाडौं त्रिविमा उहाँको सरुवा भयो । त्रिविको सेन्टर डिपार्टमेन्ट अफ केमस्ट्रीमा रहेर काम गर्न थाल्नुभयो । २०७२ मा उहाँ प्रध्यापक भइसक्नु भएको थियो ।

दक्षिण कोरियाको इहवा वम्यान युनिभर्सिटीमा रिसर्च प्रोफेसरको रुपमा (२०६९ भदौं १८ देखि २०७० बैशाख ३० सम्म) पनि उहाँले काम गर्नुभयो । हालसम्म उहाँको मातहतमा रहेर छ जना विद्यार्थी पीएचडी गरिसकेका छन् भने सात जना अझै अध्ययन गरिरहेका छन् । विभिन्न अन्तराष्ट्रिय जर्नलहरुमा उहाँको अनुसन्धानात्मक रिर्पोर्ट सार्वजनिक भएको छ भने उहाँले कतिपय जर्नलको सम्पादकमण्डलमा रहेर पनि काम गर्नुभएको छ । उहाँले ४० भन्दा बढी रिभ्युअर गर्नुभएको छ ।

केमेस्टी विषय समिति र वतावरण विषय समितिका सदस्य समेत रहि सक्नु भएका पारस नास्टमा पनि एकेडेमियनको रुपमा काम गर्नुभएको छ । छ । नास्टको विभिन्न समिति तथा उपसमितिमा लामो समय रहेर अध्ययन अनुसन्धान गर्नुभएका उहाँ नास्टबाट प्रकाशित हुने जर्नलको सम्पादक मण्डलमा रहेर पनि काम गर्नुभएको छ ।

त्रिविबाट निस्किने विभिन्न जर्नलको सम्पादक मण्डलमा रहेर काम गर्नुभयो भने विभिन्न समितिमा सदस्य भएर पनि काम गर्नुभयो । शिक्षा मन्त्रालयको फोरेन स्कलरसीप कमिटी र सीटिभीटीको पनि एउटा कमिटीमा सदस्य भएर काम गर्नुभएको छ । त्यस्तै, नेपाल एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजीको व्यवस्थापन समिति मधेश प्रदेशको प्रमुख भएर काम गर्नुभएका पारस नेपाल प्रध्यापक संघको त्रिविको कोषाध्यक्षसम्म पनि हुनुभयो । मध्य सुदुरपश्चिम विश्वविद्यालय र पब्लिक युनिभर्सिटी आयोगको सदस्य समेत रहि सक्नु भएका उहाँ भाषा आयोगको सदस्य पनि हुनुभएको थियो ।

**पुरस्कृत**

सन् २००५ मा महेन्द्ररत्न विद्या भुषण पदकबाट सम्मानित पारस यादव राष्ट्रिय शिक्षा पुरस्कारबाट २००९ मा पनि पुरस्कृत हुनुभएको छ । रिसर्च पिस अवार्डबाट २०१९ मा सम्मानित हुनुभएका उहाँ लङटर्म सर्भिस अवार्डबाट सन् २०२१ मा पनि सम्मानित हुनुभएको छ । सोही वर्ष उहाँ छविलाल गजुरेल रिसर्च अवार्डबाट पनि सम्मानित हुनुभयो । भारतको इन्टरनेशनल रिसर्च अवार्ड अन साइन्स, टेक्नोलोजी एण्ड म्योजमेन्टबाट पनि २०२२ मा सम्मान हुनुभएको छ । उहाँ बेस्ट एकेडेमियन अवार्ड र बेस्ट फेकल्टी अवाडबाट पनि सम्मानित हुनुभयो । साइन्ससँग सम्बन्धित उहाँका आठ भन्दा बढी पुस्तक प्रकाशित भएका छन् ।

**राजनीति**

पारस यादव वामपन्थी विचारधाराका व्यक्ति हुनुहुन्छ । कुनै पनि दलसँग आवद्ध नरहनु भएका उहाँ विद्यार्थीकालदेखि नै कम्युनिष्ट विचारलाई अङ्गाल्नु भयो । उहाँ भन्नुहुन्छ, 'यो संसारमा कम्युनिष्ट विचारभन्दा अरु कुनै विचार नै छैन, त्यो विचारलाई कसरी प्रयोग गर्ने त्यसमा भरपर्छ । नेपालमा कम्युनिष्टहरु छन् तर सबैको विचार शुन्य छ तर असली वाम विचार समाप्त भएको छैन ।'

उहाँले नेपालमा नै वाम विचारको आवश्यकता रहेको बताउँदै अहिले ढुलमुले अवस्था भए पनि एक दिन यही विचारले यो देश अगाडि बढ्छ र सबैले त्यसलाई स्विाकर गर्न बाध्य हुने दावी गर्नुभयो । उहाँले भन्नुभयो, 'जबसम्म वामविचार युनिभर्सिटीको करिकुलममा रहिरहन्छ तबसम्म यसलाई कसैले हटाउन सक्दैन, जबसम्म युनिभर्सिटीको टेक्स्टबाट हट्दैन तबसम्म यो देशमा वामविचार रही रहन्छ ।'

माओवादी केन्द्रका नेता मातृका यादवको विचारबाट प्रभावित भएर वामविचार अँगाल्नु भएका पारस सिरहाको चमाविमा कक्षा ८ मा पढ्दा नै अखिल विद्यार्थी युनियन निकट हुनुभएको थियो । मातृका यादव सिरहा क्याम्पसमा अध्ययन गरिरहेको बेला कम्युनिष्ट पार्टीमा लागि सक्नु भएको थियो । उहाँले क्याम्पसहरुमा गर्नु भएको राजनीतिक गतिविधि र विचारबाट पारस यादव प्रभावित हुनुभएको थियो । आजसम्म त्यही विचारलाई उहाँले निरन्तरता दिनुभएको छ । वामपन्थी विचार भए पनि सक्रिय राजनीतिमा आउने उहाँको सोच छैन । उहाँले भन्नुभयो, 'गुजारावादी राजनीतिक गर्ने सोच छैन, मानव संरक्षण र मुक्तिका लागि राजनीतिक गर्ने सोच छ तर त्यो अवस्थामा नेपालमा अझै आइपुगेको छैन ।'

**परिवार**

पारस यादव घरका जेठो छोरा हुनुहुन्छ । उहाँका दुई जना भाइ र एक जना वहिनी हुनुहुन्छ । भाइ मणी यादव सरकारी जागिरमा हुनुहुन्छ भने अर्को भाइ महेश यादव माओवादी केन्द्रबाट राजनीतिमा सक्रिय हुनुहुन्छ भने वहिनी शान्ति देवी यादव हुनुहुन्छ ।

पारस यादवको विहे सानै उमेरमा भएको थियो । सायद उहाँ पाँच कक्षामा पढ्दा नै विहे भएको थियो । यति सानो उमेरमा घरायसी कारणले नै उहाँको विहे भएको थियो । सिरहा सन्हैठाका देवकी यादवसँग विहे भएको थियो । गाउँघरतिर विहे भएपछि जीवनको लक्ष्य प्राप्तिमा ब्रेक लागेको धेरै उदाहारणहरु छन् । तर पारस यादवको हकमा त्यस्तो भएन । विहे भएपछि पनि उहाँको पढाइ लेखाइ वा क्यारियरमा कुनै असर परेन । उहाँ आफ्नो लक्ष्यमा हिडि रहनु भयो । तर त्यो यात्रामा देवकी देवीको पूर्ण साथ र सहयोग थियो । कहिले कुनै कुराको गुनासो गर्नुभएन । न घरबाट नै कुनै गुनासो भयो ।

आमा-बुवाबाट नै कुनै डिस्टर्ब भयो, उहाँ भन्नुहुन्छ, 'हाम्रो गाउँघरतिर विहे भएपछि पढाइ लेखाइ छाड्ने घरगृहस्थीमा लाग्ने गरेको देखिन्छन् तर मेरो हकमा त्यस्तो भएन म चार कक्षादेखि नै घरबाट बाहिरको बाहिरै थिए । तर म कहिले घरायसी झन्झटमा फँसिन न मलाई घरबाट नै कुनै दबाव आयो । मेरो लक्ष्य प्राप्तिमा देवकीको पुरा साथ र सहयोग रहयो जसले गर्दा आज म यो ठाउँसम्म आइपुगेको छ ।'

## मधेशका उत्कृष्ट कृषक पुरस्कृत

# अन्नको भण्डर मधेश प्रदेशमा नै छैन कृषि ऐन



विश्व खाद्य दिवसको अवसरमा मधेश प्रदेशका आठवटै जिल्लाका उत्कृष्ट कृषकलाई पुरस्कृत हुनुभएको छ। कृषि विकास निर्देशनालय मधेश प्रदेशले ४४ औं विश्व खाद्य दिवसको अवसर पारेर कात्तिक ७ गते आयोजना गरेको उत्कृष्ट कृषकलाई पुरस्कार वितरण कार्यक्रममा भूमि व्यवस्था तथा कृषि सहकारीमन्त्री जनार्दन सिंह क्षेत्रीले कृषिहरुलाई पुरस्कृत गर्नुभयो। पुरस्कृत हुने किसानहरुमा नगदे बाली मखान खेतीका लागि मटिहानी ८ महोत्तरीका महेश सहनी, धान बालीका लागि सप्तरी कञ्चनपुरका नन्दलाल यादव, उखु बालीका लागि सिरहा कर्जन्हाका दीपककुमार केसी हुनुहुन्छ। त्यस्तै, आँप खेतीका लागि धनुषा वटेश्वरका देवेन्द्र सिंह, च्याउ उत्पादनका लागि सर्लाही बागमतीका चोलाप्रसाद चौलाइगाईं, मौरी पालनतर्फ रौतहटका तरुण खड्का, खाद्यान्न बीउ उत्पादनका लागि करमैया बाराको साना किसान कृषि सहकारी र तरकारी बालीका लागि ठोरी पर्साका अरुण अधिकारी पुरस्कृत हुनुभएको छ।

पुरस्कार वितरणपछि आफ्नो धारणा राख्नु हुँदै कृषिमन्त्री जनार्दन सिंह क्षेत्रीले मधेश प्रदेश सरकारसँग हालसम्म कृषि ऐन समेत छैन त्यो नहुँदा काम गर्न निकै समस्या भइरहेको बताउनुभयो। उहाँले भन्नुभयो, 'प्रदेशमा अहिलेसम्म कृषि ऐन समेत छैन। नियमावली, विनियमावलीले काम चलाउनु परेको छ। राज्य पुर्नसंरचनाको नाममा कृषि क्षेत्रका पुराना कार्यालयहरु खारेज गर्दा योजना कार्यान्वय र कर्मचारी आपूर्तिमा समेत समस्या देखिएको छ।'

कृषि ऐनको मस्यौदा तयार पारी 'हाउस' मा लाने तयारी भइरहेको बताउँदै उहाँले यसपछि कृषि क्षेत्रमा सुधारका लागि कानुनी बाटो खुल्ने विश्वास व्यक्ति गर्नुभयो। त्यसैगरि कृषि मन्त्री क्षेत्रीले मधेशको कृषि उत्पादन वृद्धि गरी मुलुकलाई नै खाद्यान्नमा आत्मनिर्भर गराउने मिसनमा काम अगाडि बढाइएको र यसका लागि विभिन्न कोणबाट छलफलसमेत अगाडि बढेको दावी गर्नुभयो। मधेश प्रदेश सरकारले 'फीड द नेसन' मिसनमा विधि विधानदेखि पुँजी, प्रविधि, कृषि र कृषकलाई केन्द्रमा राखेर विविध कोणबाट छलफल अघि बढेको उहाँले बताउनुभयो। मिसनका लागि बहुआयामिक छलफल अघि बढेकोले छिटै सार्थक परिणाम आउने बताउँदै उहाँले कृषि क्षेत्रको विकास र सुधारका लागि विभिन्न कठिनाइ र अप्ठ्याराहरु रहेको उल्लेख गर्नुभयो।

उहाँले अहिले भने कृषकहरुको सहुलियतका लागि 'एक निर्वाचन क्षेत्र एक कृषक सहायता केन्द्र' स्थापना गर्ने योजना ल्याउन लागेको बताउनुभयो। कृषि ज्ञान केन्द्र सदरमुकाम केन्द्रित भएको हुँदा जिल्लाभरका कृषकलाई सेवा लिन सहज नभएकोले सदरमुकाम बाहिर पायक पर्ने ठाउँमा 'कृषक सहायता केन्द्र' स्थापना गरिने बताउनुभयो। कार्यक्रममा कृषि विकास निर्देशनालय मधेश प्रदेशका निर्देशक जितेन्द्र यादवले कृषि क्षेत्रमा ब्याप्त अनेकन समस्याको चर्चा गर्दै मन्त्रालयमा फायल अड्कने अर्को समस्याले योजना कार्यान्वयलाई गति दिन नसकिएको बताउनुभयो। निर्देशक यादवले भन्नुभयो "एकातिर कर्मचारी अभावको समस्या छ। अर्कोतिर मन्त्रालयमा स्वीकृतिका लागि पठाएको कार्यविधि तीन महिन बित्दा पनि फिर्ता आएको छैन। यस्तो अवस्थामा कृषिका योजना र कार्यक्रमलाई कसरी गति दिन सकिन्छ?"

यसअघि प्रदेशका आठवटै जिल्लाका कृषि ज्ञान केन्द्रका प्रमुखहरुले उठाएका प्राविधिक तथा नीतिगत समस्याहरुको जवाफ दिँदै निर्देशक यादवले पूँजिगत समस्या समाधानका लागि सहमति नजिक पुगेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो "रकमान्तर गरेरै भए पनि चालु आबमा साना सिँचाइलाई प्राथमिकता राख्ने कार्यक्रम छ। यसबारे मन्त्रालय पनि सकारात्मक भएकोले कार्यक्रम छिटै कार्यान्वयन हुने देखिएको छ।" यसअघि पशुपन्छी तथा मत्स्य विकास निर्देशक जागेश्वर यादवले कृषिको विकास विना मुलुकको अन्तर विकास हुन नसक्ने बताउनुभयो। कार्यक्रममा खाद्य सुरक्षा महाशाखा प्रमुख रोशन मेहताले मधेशमा खाद्यान्नको अवस्था र उत्पादन वृद्धिको सम्भावनाबारे तथ्याङ्कगत जानकारी गराउनु भएको थियो।


दिवा तथा रात्री सेवा

आरामदायी यात्राका लागि सम्झनु होस्



एञ्जल A/C हाएस

बर्दिवास, गोलबजार, सिरहा-माडर, काठमाडौंसम्म

सम्पर्क

काठमाडौं
प्रकाश-९८४१३१४३१९, ९८०८५१९०१५
भोले श्याम-९८४१००२४६७, ९८१३९९२५२५

सिरहा
साने-९८५२८३१०७९, ९८०७७१७८९७
नागे-९८४२८२४३३९
विरेन्द्र-९८१६७०२०००



## वैदेशिक रोजगार बोर्डको सेवाहरु

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्ड सचिवालयबाट प्रदान हुने सेवाहरू श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका, करार अवधिभित्र वा तोकिएको अवधिभित्र सम्मका लागि कामदार एवं कामदारको परिवारलाई बोर्डबाट देहाय वमोजिमका सेवा प्रदान गरिने जानकारी गराईन्छ ।**

१. कामदार विदेश वा नेपालमा समेत विरामी वा अंगभंग भएमा उपचारका लागि ७ लाख रूपैयाँसम्म आर्थिक सहायता ।

२. कामदारको घरपरिवारका सदस्यलाई गम्भीर रोग लागेमा एकपटकका लागि ५० हजार रूपैयाँसम्मऔषधी उपचार सहयोग ।

३. विदेशमा उद्दार तथा खोजतलासको समन्वय तथा स्वदेश फिर्ता ल्याउने एवं फौजदारी अभियोग लागिकानूनी सहायता आवश्यक परेमा कानुनी प्रतिरक्षा सहायता ।

४. महिला कामदारले पूर्व-प्रस्थान अभिमुखीकरण तालिमबापत तिर्नंपर्न शुल्क सोधभर्ना ।

५. विदेशमा कामदारको मृत्यु भएमा शव नेपाल झिकाउने एवं त्रिभुवन विमानस्थलवाट इच्छाइएको सडक पुगेको स्थलसम्म निःशुल्क शव छढुवानी सेवा ।

६. मृतक कामदारको नजिकको हकवालालाई करार अवधिभित्र वा सो को एक वर्षभित्र मृत्यु भए रु. ७ लाख र सो अवधिपछि मृत्यु भएको भए २५ हजार रूपैयाँ आर्थिक सहायता प्रदान। पूर्ण आर्थिक सहायता प्रास गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता ।

७. विदेशबाट फर्किएका रिटर्नी कामदारहरूलाई उद्यमशील बनाउनेलगायत अन्य प्रवर्द्धनात्मक विभिन्न कार्यक्रमहरू ।

८. विदेशमा रहँदा स्वास्थ्य सम्बन्धी कुनै पनि समस्या भए टेलिमेडिसिन सेवाको ईमो, भाईवर, हाटसएप नम्बरमा नेपालको कार्यालय समयमा सम्पर्क गरी विशेषज्ञ डाक्टरद्वारा परामर्श तथा ओषधी प्रेषण गर्ने व्यवस्था छ ।

**उपरोक्त सेवा लिनका लागि सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्र, आप्रवाशी स्रोत केन्द्र वा वैदेशिक रोजगार वोर्डको सचिवालयमा भौतिक रुपमा वा विभिन्न माध्यमवाट सम्पर्क गर्न सकिनेछ ।**

**सम्पर्क विवरण**:
http://shramadhan.moless.gov.np;
facebook.com/shramadhan2 youtube.com/@shramadhan;
instagram.com/shramadhan2; x.com/shramadhan2
**इमेल**: info@feb.gov.np; welfare@feb.gov.np; shramadhan@feb.gov.np
**श्रमाधान कल सेन्टरको पैसा नलागने नम्बर**: ११४१; सशुल्क नम्बर: ०१-५९७०००८
**फोन/इमो/भाईबर/हाट्सएप/बोटिम**: +९७७-९८५१३४७२२२
**टेलिमेडिसिन सेवाको नम्बर**: ९८५१३४५७०१ वा ९८५१३४५७०२

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार बोर्डको सचिवालय**



शुभ दीपावली



शुभदीपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण देशवासी, विदेशमा रहनु भएका नेपाली दाजु भाइ तथा दिदी वहिनीमा हार्दिक शुभकामना व्यक्त गर्दछौं।



यहाँ हरेक प्रकारको गुणस्तरीय स्वास्थ्य जाँच विशेषज्ञ डाक्टरहरुबाट गरिन्छ।
समयमा आफ्नो स्वास्थ्य जाँच गराई स्वास्थ्यप्रति ढुक्क रहनुहोस्।

फुलबारी क्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा.ली.
सिरहा, लहान-३ (लहान सरकारी अस्पताल गेटको दक्षिण पट्टी)
सम्पर्क: ०३३-५६२२८२, ९८५२८३२०३२



शुभ दीपावली






'युगल' जीरा मसिनो चामल खाऔं
दीपावली र छठ धुमधामका साथ मनाऔं।

दयाल एग्रो फूड्स इंडस्ट्रीज प्रा. लि.
नरहा ३ चोहर्वा, सिरहा नेपाल (मधेश प्रदेश)
फोन ९८५२८३८१०९, ९८५२८४८१०९

## सरकारी जग्गामाथि...

गर्न पनि भनेको छ तर हटिरहेको छैन ।

सरकार जग्गा कब्जामा लिनेमा खासगरी तीन प्रमुख दल त्यसमा पनि सबभन्दा अगाडि एमाले देखिएको छ । काँग्रेस, एमाले, माओवादी केन्द्रलगयात केही साना दलहरु पनि सरकारी जग्गा भोगचलन गर्दै आइरहेको सरकारी तथ्यांकले देखाएको छ । त्यसमा सबभन्दा बढी जग्गा एमालेले नियन्त्रणमा लिएर भोग चलन गर्दै आएको छ ।

सरकारसँग आधिकारीक रुपमा जग्गा लिएको सरकारी तथ्यांक देखिएको छ तर कतिपय यस्ता पनि जग्गा कब्जामा लिएका छन् जसको बारेमा न सरकारसँग कुनै प्रमाण छ न अरु कुनै निकायलाई जानकारी नै छ । सत्ताधारी दल एमालेको पार्टी कार्यालय अहिले ललितपुरको च्यासलस्थित तुलसीलाल स्मृति प्रतिष्ठानको भवनमा रहेको छ । २०७९ देखि धुम्बाराहीबाट थपाथली हुँदै एमालेले त्यहाँ पार्टी कार्यालय सञ्चालन गरिरहेको छ । तर तुलसीलाल स्मृतिको त्यो भवन रहेको जग्गा पनि सरकारी रहेको खुलेको छ । त्यो जग्गामा बनेको भवन पनि भारतको अनुदान सहयोगमा निर्माण भएको हो ।

सरकारी स्वामित्वमा रहेको च्यासलको त्यो जग्गा राजनीतिक दललाई भोगअधिकारका लागि दिनु नै गलत भएको भूमी व्यवस्था मन्त्रालयले जनाएको छ । सो जग्गा तुलसीलाल स्मृति प्रतिष्ठानको भोगाधिकार अन्त्य भएर सरकारको कायम भइसकेको मन्त्रालयको अधिकारीले दावी गरेको छ । तैपनि गैरकानुनी रुपमा प्रतिष्ठानले एमालेलाई पार्टी कार्यालय सञ्चालन गर्न सो जग्गा दिएको छ ।

एमालेको आफ्नै जग्गा बल्खुमा छ । त्यहाँ एमालेको पार्टी कार्यालय पनि यसअघि सञ्चालनमा आएको थियो । भुकम्पपछि त्यहाँबाट सरेको थियो । पछि त्यहाँ नयाँ भवन बनाउने भनि शिलान्यस पनि गरेको थियो तर अहिले त्यहाँ जग्गा अपुग हुने भन्दै भाटभटेनीको मालिकबाट दानमा जग्गा प्राप्त गरेर त्यसमा भवन बनाउने तयारी थालेको छ ।

त्यति मात्र कहाँ हो र । पासाङल्हामु पर्वतारोहण प्रतिष्ठानले धुम्बाराहीमा रहेको चार रोपनी सरकारी जग्गामा बनाएको भवनमा एमालेले पार्टी कार्यालय सञ्चालन गरेको थियो । त्यसको आलोचना भएपछि २०७८ मा त्यहाँबाट सरेर थपाथली एकजना पञ्जावीको घरमा पार्टी कार्यालय सारेको थियो । तर त्यहाँ पनि धेरै समय बस्न सकेन र तुलसीलाल प्रतिष्ठानमा सरेको थियो । एमाले जहाँ जहाँ पार्टी कार्यालय सार्छन् त्यहाँ त्यहाँ जग्गाकै विवाद देखिएको छ । अधिकाँश जग्गा सरकारी जग्गा रहेको देखिएका छन् ।

एमाले निकट नेपाल निजामती कर्मचारी संगठनले सिंहदरबारको दक्षिण गेट नजिकै एक रोपनी सरकारी जग्गा कब्जामा लिएको छ । त्यहाँ भवन बनाएर त्यसको आम्दानी पनि लिइरहेको छ । सरकारी कानुन अनुसार सो जग्गा लिजमा परिवर्तन गर्नुपर्ने हो तर हालसम्म त्यसको प्रकृया पनि सुरु गरिएको छैन । तर सत्ताको भयले अरु सरकारी निकायले त्यसको विरुद्धमा केही बोलेको पनि दैखिदैन । त्यति मात्र होइन, एमालेले व्यक्तिको नाममा खोलेका विभिन्न संघ संगठनको नामबाट पनि सरकारी जग्गाहरु कब्जामा लिएको छ ।

माधवकुमार नेपाल नेतृत्वको नेकपा (एस) निकट पुष्पलाल स्मृति प्रतिष्ठानले काठमाडौंको मच्छेगाउँमा १२४ रोपनी जग्गा कब्जामा लिएर बसेको छ । त्यस्तै, सीतापाइलामा पुष्पलाल स्मृति बाटिकाका लागि पनि सरकारी जग्गामा कब्जा जमाएको छ । एमालेका तत्कालीन महासचिव मदन भण्डारीको नाममा खुलेका विभिन्न संस्थाले पनि काठमाडौं लगायत देशका विभिन्न ठाउँमा जग्गा कब्जा जमाएको छ । काठमाडौं कोटेश्वरमा सरकारी जग्गा हड्पेर पार्क बनाएर बसेको छ ।

त्यस्तै बागमती करिडोरमा पनि मदन भण्डारीको नाममा पार्क तथा बगैचा निर्माण गरी जग्गा कब्जामा राखेको छ । त्यस्तै, मदन भण्डारी अध्ययन अनुसन्धान केन्द्रले काठमाडौं महानगरपालिका-१० मा रहेकि तीन रोपनी जग्गा भोग गर्दै आइरहेको सरकारी तथ्यांकमा उल्लेख छ । एमालेले मदन भण्डारी विश्वविद्यालयको नामबाट पनि काठमाडौंको साविक डाँछी र बालुवा गाविसमा चार सयभन्दा बढी रोपनी जग्गा कब्जामा राखेको छ ।

पुष्पलाल स्मारक समिति, विराटनगरले कञ्चनबारीको ७० रोपनी भन्दा बढी जग्गा कब्जामा लिएर भोगचलन गर्दै आएको छ । त्यस्तै, एमाले जनकपुर अञ्चल कार्यालय र धनुषा जिल्ला कार्यालयका लागि त्यहाँको जग्गा पनि कब्जामा लिइरहेको छ । सरकारले त्यो जग्गा फिर्ता लिन हिम्मत गरेको छैन । एमाले निकट हेल्पिङ ह्यान्ड्स संस्था हो । त्यो संस्थाले हेल्पिङ ह्यान्ड्स अस्पताल सञ्चालनमा ल्याएको छ । त्यो अस्पताल सरकारी जग्गामा रहेको बताइएको छ ।

काँग्रेस निकट नेपाल चिकित्सक संघले सरकारी जग्गामा आफ्नो कब्जा जमाएर बसेको छ । काठमाडौं मोडेल अस्पताल छेउमै सात तल्लो व्यवसायिक भवन बनाएर पैसा कमाइरहेको छ । भोगाधिकारको उद्देश्य विपरीत संघले सरकारी जग्गामा व्यवसाय गरिरहेको छ जब कि कानुन बमोजिम त्यसको भोगाधिकार समाप्त भइसकेको छ । काँग्रेस निकट नेपाल निजामती कर्मचारी युनियनले पनि बबरमहलमा वन तथा भूसंरक्षण विभाग पछाडि एक रोपनी सरकारी जग्गा कब्जामा लिएको छ । सो जग्गामा भवन पनि बनाइ सकेको छ । त्यस्तै, काँग्रेस निकट नेपाल शिक्षक संघले पनि काठमाडौं-४ मा एक रोपनी सरकारी जग्गा पाएको छ । त्यसमा भवन बनाएर व्यवसायिक प्रयोजनका लागि त्यसलाई प्रयोगमा ल्याएको छ ।

झापा जिल्लाको शिवगञ्जमा रहेको सरकारी जग्गामा गणेशमान सिंह अध्ययन प्रतिष्ठान प्राविधिक तथा व्यवसायिक शिक्षालय कब्जा जमाएर बसेको छ । त्यस्तै, ललिपुरको बाडेगाउँमा कृष्णप्रसाद भट्टराईको आश्रम निर्माण गरिएको छ । त्यो पनि सरकारी जग्गा रहेको छ । त्यस्तै, गणेशमान सिंह स्मृति बाटिका तथा स्थापना संरक्षण समितिले भक्तपुरको कटुन्जेमा १७५ रोपनी जग्गा आफ्नो कब्जामा राखेको छ ।

माओवादी केन्द्रका नेताहरूको अग्रसरतामा किनिएको जनमैत्री अस्पताल पनि सरकारी जग्गामा बसेको छ । काठमाडौंको जीतपुरफेदीमा रहेको ८६ रोपनी सरकारी जग्गा भोगचलन गर्दै आएको छ । स्वनाम साथी सहितको अग्रसरतामा स्थापित मार्क्सीय गुरुकुलले ७७ रोपनी जग्गामा कब्जा जमाएर बसेको छ ।

काँग्रेस, एमाले, माओवादी केन्द्र जस्तै महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी पनि सरकारी जग्गामा बनेको भवनमा बसिरहेको छ । २०६८ फागुन ४ मा सरकारले लोसपा निकट रहेको नेपाल मधेशी निजामती कर्मचारी मञ्चलाई जग्गा उपलब्ध गराएको थियो । त्यो जग्गामा मञ्चले भवन बनाएपछि लोसपा त्यसमा बस्न थालेको छ । लोसपा नेपालको आलोचना हुन थालेपछि मञ्चले लोसपा नेपाललाई भवन खाली गर्न भनेको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयले २०७९ असार २३ मा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७९ राजपत्रमा प्रकाशित गरेर भोगाधिकार पाएको सरकारी जग्गालाई तोकिएको प्रक्रिया बमोजिम लिजमा परिवर्तन नगर्ने संस्था र निकायको भोगाधिकार स्वतः समाप्त भएको किटान गरेको छ । यस्तो जग्गामा बनेका संरचना समेत स्वतः नेपाल सरकारको हुने कानूनी व्यवस्था छ । तर राजनीतिक दल तथा त्यस निकट संस्थाहरुले जग्गा खाली गरेका छैनन् ।


## चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम गरौं

- चाडपर्वमा अनावश्यक तडक-भडक नगरौं,
- जुवातास नखेलौं र मद्यपान नगरौं,
- धार्मिक, सांस्कृतिक मूल्य मान्यता र परम्परा जोगाऔं,
- चाडपर्वलाई सामाजिक सहिष्णुता र मेलमिलापको अवसरका रुपमा प्रयोग गरौं,
- आफ्नो जस्तै अरुको धार्मिक, सांस्कृतिक रीतिरिवाजको सम्मान गरौं,
- चाडपर्व एक आपसमा मिली हर्षोल्लासका साथ मनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो

**जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता २०७४ को दफा १२५ मा-**

- पहिलोपटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीसहजारसम्म जरिवाना,
- दोस्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रुपैंयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ ।

**त्यसैले जुवातास नखेलौं, नखेलाऔं, कानूनी कार्वाहीबाट बचौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड





**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्धण** : पारू अफसेट प्रेस, डिल्लीबजार